
मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

अँध्यारोमा बसेर मोबाइल चलाउँदा .... : पृष्ठ ५मा



◆ वर्ष : २४ ◆ अङ्क : २२७ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असार १९ गते विहीबार (Thursday, July 4. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–



**धान रोपाइँ** : धान रोपाइँ गर्दै ताप्लेजुङको सिरिजंघा गाउँपालिकाको खेवाङका किसान । *तस्वीर : सन्तोष पुर्कुटी ।*

# नगरप्रमुखले कार्यकक्षमै खैनी खाएपछि...

**बिर्तामोड, असार १८।** बिद्यार्थीको आनीवानी र आचरण सुधार्न भन्दै बिर्तामोड नगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गरेको छ ।

'बालमैत्री शिक्षणको सपना आचरणयुक्त समाजको परिकल्पना' भन्दै नगरपालिकाले स्थानीय पाठ्यक्रम आचरण सचेतना शिक्षा नाम दिएर पाठ्य पुस्तक नै तयार गऱ्यो । नगरप्रमुख ध्रुवकुमार शिवाकोटीको अगुवाईमा तयार गरिएको सो पाठ्यक्रम यो शैक्षिक सत्रमा कक्षा ३ र ४ मा लागू गरिएको छ ।

नगरपालिकाले आर्थिक वर्ष ०७६/०७७ का लागि प्रस्तुत गरेको नीति कार्यक्रममा समेत आचरण सचेतना शिक्षालाई निरन्तरता दिँदै भोलिको समाज स्वस्थ र आचरणयुक्त बनाउने भन्दै कक्षा आठसम्मका विद्यार्थीलाई यो पाठ्यक्रममा आधारित भएर शिक्षा दिने भनिएको छ ।

बालबालिकाहरुले आचरण तथा आत्मरक्षा, व्यक्तित्व विकास, पोषण स्वास्थ्य र योग शिक्षा, हाम्रो धर्म, संस्कृति र स्थानीय लोकवाजा, धर्म, संस्कृतिको समेत संरक्षण गर्न सक्ने र धुम्रपान मद्यपानको कुलतबाट टाढा राख्न सहयोग पुग्ने भन्दै स्थानीय पाठ्यक्रम तयार गरिएको नगरप्रमुख शिवाकोटीले बताए ।

तर,उनले भने सार्वजनिक स्थल नगरपालिकाको कर्यकक्ष) मै बसेर सूर्तिजन्य पदार्थ सेवन गर्ने गरेको पाइएको

(बाँकी अन्तिम पृष्ठमा)



# जुवाको खालबाट अध्यक्ष पक्राउ

**इटहरी,असार १८।** प्रहरीले इटहरी उपमहा-नगरपालिकाका निर्वाचित जनप्रतिनिधिलाई जुवाको खालबाट पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा इटहरी उपमहानगरपालिका -१५ का वडाअध्यक्ष श्रवणकुमार चौधरी रहेका छन् । उनलाई जुवा खेलिरहेको अवस्थामा चौधरीलाई प्रहरीले खालबाटै पक्राउ गरेको हो । चौधरी दुवहीमा प्रकाउ परेका सुनसरी प्रहरी प्रवक्ता ज्ञानेन्द्र फुँयालले जानकारी दिएका हुन् ।

जुवा खेलिरहेको अवस्थामा प्रहरीले उनीसहित ५ जनालाई पक्राउ गरेको हो । उनीहरूका साथबाट नगद २ लाख समेत बरामद भएको प्रहरीले जानकारी दिएको छ । प्रहरीका अनुसार उनीहरू दुहवी -१२ मा रहेको गंगा चौधरीको घरमा पक्राउ परेका हुन् । पक्राउ पर्नेमा वडाध्यक्ष चौधरीसहित मोरङको ग्रामथान गाउँपालिका- ६ का ४० बर्षीय रुपेशकुमार तामाङ, ग्रामथान -५ का ४० बर्षीय लालबहादुर चौधरी, गढी गाउँपालिका -३ का ४२ बर्षीय रमेश चौधरी र ३९ बर्षीय जोगेन्द्र उराव रहेका छन् । उनीहरुलाई जुवा ऐन अन्तरगत मुद्दा चलाउने बताइएको छ ।

# गौ मूत्रबाट औषधि !

**झापा, असार १८ ।** झापामा गौ मूत्रबाट औषधि उत्पादन गर्न शुरु गरिएको छ । शिवसताक्षी नगरपालिकास्थित धार्मिक तथा पर्यटकीय स्थल सताक्षीधाममा गौअर्क ब्राण्डको औषधि उत्पादन गर्न शुरु गरिएको हो ।

धाममा २०७१ सालमा स्थापना भएको गोलोक गोवर्द्धन गौशाला स्थापना भएको थियो । गौशालाका उन्नत तथा स्वस्थ गाईको मूत्र भुइँमा झर्न नदिई सोझै संकलन गरी वाष्फिकरणको प्रक्रियाबाट पुनः तरल पदार्थमा रुपान्तरण गरी गौअर्क उत्पादन हुने गरेको गौशालाका संरक्षक नन्दकिशोर भारद्वाजले जानकारी दिए । उनले दैनिक ४० लिटर गौअर्क उत्पादन हुने बताए । उनले भने- गौअर्क पेट लगायत रोगको उपचारमा प्रयोग हुन्छ ।

गौशालाले बलको जुस, गोबरको कोइला, अगरबत्ती, हवन सामग्री, गँड्यौला मलको पनि उत्पादन शुरु गरेको छ । गँड्यौला मल देनिक एक क्वीन्टल उत्पादन हुने गरेको छ । गौशालामा आयुर्वेदिक औषधिको व्यावसायिक उत्पादन गर्ने तयारी गरिएको गौशालाको व्यवस्थापनको जिम्मेवारी सम्हाल्दै आएका लीला शास्त्रीले जानकारी दिए ।

गौशालामा रहेका गौको स्वास्थ्य उपचारको लागि धाममा गौ अस्पताल निर्माण भएको छ । गौशालाले करोडौं रुपैयाँको लागतमा शिव लिंग र मन्दिर निर्माण गरिरहेको छ । गौशालाले हरिदेव गुरुकुल विद्यालयसमेत सञ्चालन गरिरहेको छ ।

गोलोक गोवर्द्धन गौशाला धाम स्थापना भएपछि सताक्षीधामको मुहार परिवर्तन आएको बताइएकोछ । गौशालाको स्थापना पछि सडक मर्मत भएको छ भने विद्युत पनि पुगेको छ । धामको मुख्य क्षेत्रमा ड्रेन निर्माण भएको छ भने थप व्यवस्थित बनाउने कार्य नगरपालिकाले गरेको छ । मठ मन्दिर निर्माण, भौतिक पूर्वाधारको बिकासले सताक्षीधाम राम्रो धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा बिकास हुँदै गएको छ ।

# ६० केजी चाँदी जस्तो धातुसहित पक्राउ

**मोरङ, असार १८।** विराटनगर महानगरपालिका-१२ स्थित रोडशेष चोकबाट ५९ केजी ९ सय ३४ ग्राम चाँदी जस्तो देखिने सेतो धातुका टुक्राहरु सहित भारत जोगबनी- १६ बस्ने २४ वर्षीय गौरवकुमार साहलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले वीआर ११ एके १७९१ नम्बरको भारतीय कार जाँच गर्ने क्रममा कारको सिटमुनि प्लाष्टिक तथा कार्टुन टेपले बेरिएको अवस्थामा लुकाई छिपाई राखेको उक्त परिमाणको चाँदी जस्तो देखिने सेतो धातुका टुक्राहरु फेला पारी चालक साहलाई पक्राउ गरेको हो ।

पक्राउ परेका साहलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि मंगलबार राजश्व अनुसन्धान कार्यालय इटहरी पठाइएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# होटेलमा प्रेमिकासँग बसेका युवकको मृत्यु

**झापा, असार १८।** युएईबाट नेपाल फर्किएर प्रेमिकासँगै होटलमा बसेका एक युवकको मृत्यु भएको छ ।

असार ११ गते दुबईबाट नेपाल फर्किएका २६ वर्षीय प्रमोद गुरुङ नयाँ बसपार्कस्थित शुभकलश गेस्ट हाउसमा बुधबार विहान मृत फेला परेका हुन् ।

उनीहरुको कोठामा २ वटा बियर, गाँजा र यौन शक्तिवर्द्धक औषधिसमेत फेला परेको छ ।

मृतक गुरुङ र युवती दुबै जना अविवाहित हुन् । उनीहरु ११ गतेदेखि १४ गतेसम्म सोही होटलमा बसेका थिए ।

(बाँकी अन्तिम पृष्ठमा)

# एसईईको पूरक साउन २६ र २७ गते

**झापा, असार १८।** माध्यमिक शिक्षा परीक्षा अर्थात् एसईईको पूरक (ग्रेड वृद्धि) परीक्षा आगामी साउन २६ र २७ गते सञ्चालन हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय सानोठिमीले बुधवार परीक्षा तालिका सार्वजनिक गर्दै ग्रेड वृद्धि परीक्षाका लागि आगामी साउन १५ गतेभित्र प्रवेशपत्र र ग्रेडसीटको प्रतिलिपि राखी शिक्षा विकास तथा समन्वय एकाइमा फाराम बुझाउन विद्यार्थीलाई सूचना गरेको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

कोहेड (COHED) कलेजमा

कक्षा ११को भर्ना खुल्यो

- विज्ञान - (कम्प्यूटर साइन्स/ वायलोजी
-व्यवस्थापन (कम्प्यूटर साइन्स, होटल मेनेजमेन्ट, विजनेश स्टडिज
-मानविकी -(मास कम्युनिकेशन, सोसियोलोजी, अंग्रेजी

फर्म वितरण धमाधम भइरहेको छ । उत्कृष्ट विद्यार्थीका लागि छात्रबृत्तिको व्यवस्था छ ।
**विज्ञान प्रवेश परीक्षा**: २०७६ असार २२ गते अइतवार विहान ८ बजे
प्रवेश परीक्षाका लागि नमूना प्रश्न–पत्र उपलब्ध गराइनेछ ।
**कार्यालय खुल्ने समय**: विहान ६:३० देखि दिउँसो ४:०० बजेसम्म

**नोटः शनिवार तथा विदाका दिन पनि कार्यालय खुला रहनेछ ।**

सम्पर्कः कोहेड(COHED) कलेज, बिर्तामोड, झापा
फोन नं. ०२३–५४२८२४, ९८४२६३४३१९/९८४२६३४३१२

ADMISSION OPEN

10 DAYS MAKEUP WORKSHOP @ BIRTAMODE

From Shrawan 7th - 17th

With Nepal Idol 1st Season Makeup Artist & Senior Faculty Member of Neeldavids.

COURSES OFFERED

- ✓ SKIN ANALYSIS
- ✓ PRODUCTS KNOWLEDGE
- ✓ BASIC MAKEUP
- ✓ PARTY MAKEUP
- ✓ FLAWLESS MAKEUP
- ✓ RAMP MAKEUP
- ✓ AIRBRUSH MAKEUP
- ✓ BRIDAL MAKEUP & JUROS
- ✓ HALLOWN MAKEUP

THEORY & PRACTICAL CLASSES
CERTIFICATES PROVIDED !

Book Your Seat Today !



SANDEEP DANGOL

NEELDAVID'S
INTERNATIONAL SALON & ACADEMY
Hanuman Shopping Center, Birtamode
9814935482

श्री लक्ष्मी मा. वि. मा

कक्षा ११ को भर्ना खुल्यो

●विज्ञान तर्फ :– (कम्प्युटर साइन्स/बायोलोजी)
●व्यवस्थापन तर्फ :– कम्प्युटर साइन्स/बिजनेश स्टडिज

भर्ना फारम वितरण धमाधम भइरहेको छ ।
उत्कृष्ठ विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था छ।
कार्यालय खुल्ने समयः बिहान ६:३० बजेदेखि ४:०० बजेसम्म

सम्पर्क : श्री लक्ष्मी मावि
अर्जुनधारा–६, झापा
फोन नं. ०२३–५४२०८६, ९८५२६४२०८६, ९८४२६७३४३६

सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरुको सेवा

डा. सीपी यादव
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

डा. दीपक पौडेल
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स–रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड–१, झापा (०२३–५४४२६०)

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

२०७५ सालको SEE परीक्षामा सफल सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना ।

वाल्मीकि प्रोभिडेन्स सेकेन्डरी स्कूल बिर्तामोडको

कक्षा ११ मा व्यवस्थापन संकाय अन्तर्गत

कम्प्यूटर साइन्स (Computer Science)
(Hotel Management)
(Travel & Tourism)
(Business Studies)

विषयमा भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराइन्छ ।
विद्यार्थी भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट वितरण भइरहेको छ ।
विस्तृत जानकारीका लागि : BALMIKI PROVIDENCE SECONDARY SCHOOL
BIRTAMODE -1, JHAPA
Phone No. 023-540443/540195

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

श्री कनकाई माध्यमिक विद्यालय
कनकाई नगरपालिका - ३
सुरुङ्गा, झापा

कक्षा ११ मा पठनपाठन गरिने विषयहरु:
- विज्ञान (Science)
- कम्प्युटर विज्ञान (Computer Science)
- व्यवस्थापन(Management) (अंग्रेजी र नेपाली दुवै माध्यममा)
- मानविकी (Arts) शिक्षा(Education)
- Health and physical education

नोटः कक्षा ११ को विज्ञान विषयको प्रवेश परीक्षा निम्न मिति र समयमा हुनेछ:
मितिः २०७६/०३/२२ र २७ गते
समयः दिनको ११:०० बजे देखि
(व्यवस्थापन, मानविकी, शिक्षा विषयहरु विहानी सत्रमा पठनपाठन हुनेछन)

सम्पर्क: ०२३-५५०१२५, ९८४२६५७२९६
९८४२६५७२४०, ९८४२६५४७६५

निदि माध्यमिक विद्यालय (इन्द्रेणी क्याम्पस)

भर्ना खुल्यो !

कक्षा-११ को विज्ञान, व्यवस्थापन एवम् मानविकी

विशेषताहरु
१. शिक्षा क्षेत्रमा दक्षता हासिल गरेका प्रवुद्ध व्यक्तिहरुबाट सुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिने ।
२. सुविधा सम्पन्न आधुनिक भवनमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशालाका साथै प्रत्येक कक्षाकोठामा सीसी क्यामेराको व्यवस्था भएको ।
३. सर्वसुलभ यातायात सुविधा ।
४. अनुशासित वातावरणमा पढाइ हुने ।
५. विज्ञान विषयका लागि विशेष अवलोकन भ्रमणको व्यवस्था भएको ।
६. व्यवस्थापन विषय पढ्नेका लागि औद्योगिक भ्रमणको व्यवस्था भएको ।
७. आकर्षक छात्रवृत्तिको सुविधा ।
८. छुट्टै विशेष कक्षा समेत सञ्चालन गरिने ।
९. +२ र बीबीएसमा उत्कृष्ट नतिजा ल्याउन सफल ।
१०. सुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिने ।

साइन्स ब्लक टिमद्वारा सञ्चालित

प्रवेश परीक्षा :
विज्ञानका लागि असार २८ गते शनिबार १० बजे

थप जानकारीका लागि : निदि माध्यमिक विद्यालय तथा इन्द्रेणी क्याम्पस, बिर्तामोड ९, रामचोक (झापा)
फोन नं. : ०२३-५४४४१२, ५४६०४४/ मो. ९८५२६७३०८८, ९८५२६८९०००

# घर भत्काएपछि ४४ लाख क्षतिपूर्ति

**बिर्तामोड, असार १८।** निर्माणाधीन बिर्तामोड-चन्द्रगढी सहायक राजमार्गको बिर्ताबजार क्षेत्रमा सडक सीमाभित्र परेर घर भत्काएका घरधनीहरुले बुधवार क्षतिपूर्ति पाएका छन् ।

घर भत्काउने ६ जना घरधनीहरुले ४४ लाख ७ हजार ५ सय ७२ रुपैयाँ क्षतिपूर्ति पाएका हुन् । श्रीप्रसाद राजवंशीले १ लाख ८१ हजार ९ सय, राजकुमार साहले १४ लाख १ हजार ८ सय ४०, कुलदीप भर्बेले ६ लाख ४७ हजार ६ सय २५, दिलीप राजवंशीले ४ लाख ८९ हजार ८ सय ४०, मसिनी दर्जीले ९ लाख ३९ हजार ६ सय ७५ र भूपालमान श्रेष्ठले ७ लाख ४६ हजार ६ सय ९० रुपैयाँ सरकारबाट क्षतिपूर्ति पाएका हुन् ।



गत जेठ २ गतेको नेपाल सरकारको मन्त्रिपरिषद बैठकले निर्माणाधीन बिर्तामोड-चन्द्रगढी सहायक राजमार्गको बिर्ताबजार क्षेत्रमा सडक सीमाभित्र परेका जग्गामा बनेका स्थायी वा अस्थायी घरटहरा तथा अन्य संरचनाहरुको क्षतिपूर्ति दिने निर्णय गरेको थियो । त्यसबारे अवगत गराउँदै सडक डिभिजन दमकका इञ्जिनियर चन्द्रेश्वर साहले पूर्णरुपमा भत्काउनेहरुलाई चेक हस्तान्तरण गरेको बताउँदै अन्यलाई घरटहरा भत्काएपछि क्रमशः क्षतिपूर्ति दिँदै जाने जानकारी दिए ।

सो सडकको सीमाभित्र २९ जनाको घर परेको छ । उनीहरुलाई ३ करोड १ लाख ५४ हजार ५ सय ६८ रुपैयाँ क्षतिपूर्ति दिने सरकारले निर्णय गरेको छ । ३ नं वडा कार्यालयमा भएको चेक हस्तान्तरण कार्यक्रममा बोल्दै बिर्तामोड नगरपालिकाका शाखा अधिकृत देवराज कार्कीले यो सडकका लागि धेरैले त्याग गरेको बताए ।

बिर्तामोड -३ का वडाध्यक्ष भोजराज सिटौलाले जनताले आर्जेको सम्पति सरकारले अधिग्रहण गर्दा क्षतिपूर्ति दिनुपर्छ भन्ने नजिर बनेकोमा खुशी व्यक्त गरे । कार्यक्रमको सञ्चालन वडा सचिव भीम अधिकारीले गरेका थिए ।

# स्थानीय तहका अस्थायी कर्मचारीहरुलाई स्थायी गर्न माग

**झापा,असार १८।** स्थानीय तह कर्मचारी युनियन, नेपालले लामो समयदेखि कार्यरत स्थानीय तहका अस्थायी कर्मचारीहरुलाई स्थायी गर्ने कानूनी व्यवस्था गर्न सरकारलाई दबाब दिएको छ ।

युनियनको सम्पन्न प्रथम राष्ट्रिय भेलाले जारी गरेको १४ बुँदे काठमाडौं घोषणा पत्रमा वर्षौंदेखि स्थानीय तहमा कार्यरत अस्थायी कर्मचारीहरुलाई स्थायी गर्ने कानूनी व्यवस्था गर्न सरकारलाई दबाब दिने उल्लेख छ । बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गरी युनियनका अध्यक्ष नुरबहादुर साउदले आन्तरिक विशेष प्रतियोगिताको माध्यमबाट अस्थायी कर्मचारीहरुलाई स्थायी गराउन र त्यसमा नपर्ने कर्मचारीहरुलाई जीवन निर्वाहका लागि आवश्यक सुविधासहित विदाई गर्न पनि सरकारलाई दवाव दिने निर्णय गरिएको बताए ।

घोषणा पत्रमा स्थानीय तहका कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवाको उचित व्यवस्थापन गर्न तत्काल स्थानीय सेवा ऐन जारी गर्न पनि सरकारसँग माग गरिएको छ । त्यसैगरी कर्मचारीहरुको हक, हितका लागि सबै स्थानीय तहमा स्थानीय तह कर्मचारी युनियनको निर्वाचन गराउन पनि सरकारसँग माग गरिएको युनियनका अध्यक्ष साउदले जानकारी दिए ।

# बाघको जुँगा उखेल्नेलाई ५ लाख जरिवाना



**झापा, असार २१।** बर्दिया जिल्ला अदालतले मरेको बाघको जुँगा उखेलेको अभियोगमा गेरुवा गाउँपालिका-४ शान्तिपुरका सुन्दरलाल चौधरीलाई रु. पाँच लाख जरिवानाको फैसला गरेको छ ।

जिल्ला न्यायाधीश किरणकुमार पोखरेलको इजलासले चौधरीलाई बाघको जुँगा उखेलेर घरमा लुकाएको अभियोगमा रु. पाँच लाख जरिवानाको फैसला गरेको हो । चौधरी २८ पुसमा बाघ मारेको अभियोगमा पक्राउ परेका थिए । तर बाघ मारेको प्रमाण फेला नपरेको अदालतले जनाएको छ ।

अभियुक्त चौधरीले बाघको जुँगा उखेलेर घरमा लुकाई राखेको प्रमाण फेला परेको र बाघको जुँगा घरमा राख्नु गैरकानूनी भएको फैसलामा उल्लेख छ । वन्यजन्तु मारेको र अङ्ग ओसार पसारमा संलग्न अभियुक्तलाई रु. पाँचदेखि १५ लाखसम्म जरिवाना हुने कानूनी प्रावधान छ ।

# ज्वाँइलाई रुखमा बाँधेर कुटपिट

**झापा, असार १८।** ससुराल आएर पटक- पटक दाइजो मागेपछि ज्वाँइलाई रुखमा बाँधेर कुटपिट गरेको घटना सार्वजनिक भएको छ ।

दाइजोको नाममा सधैँ छोरीलाई कुटपिट गर्ने गरेको र पटक-पटक ससुरालीमा आएर दाइजो मागेर ससुरालीलाई नै हैरान दिएपछि सुमेराका अवधेश कुमारलाई रुखमा बाँधेर कुटपिट गरिएको बताइएको छ ।

घटना भारतको बिहारस्थित मुजफ्फरपुर गाउँको हो । सुमेराका अवधेश कुमारलाई उनको सुसुराली परिवारले गाउँलेको सहयोगमा रुखमा बाँधेर कुटपिट गरेका हुन् । अवधेशले दाइजोको नाममा सधैँ छोरीलाई कुटपिट गर्ने गरेको आरोप उक्त परिवारको छ ।

यसबारेमा थुप्रै पटक गाउँ पञ्चायतमा कुरा उठे पनि ज्वाँइले बानी नसुधारेकोले कुटपिट गरेको ससुराले बताएका छन् । प्रहरीले दुवै पक्षसँग बयान लिएर घटनाको कारबाही अघि बढाइएको जनाएको छ ।


**Congratulations to all the SEE graduates**

A M I T Y
For Those Who Want to Excel

**AMITY COLLEGE**
known for **excellent NEB & TU** results with **peaceful and disciplined** academic environment to learn and grow.

*announces ADMISSION OPEN in XI*
**Humanities (Arts)**
**Hotel Management**
**Computer Science**
**Business Studies**

Admissions shall be granted on **First come first served** basis

**AMITY COLLEGE**
**Birtamode, Jhapa**
**Tel.: 023-542762, 9842629372; 023-621257**
**E-mail: amitycollegejhapa@gmail.com**
**Be Ambitious, Be At Amity**


# एनसेलद्वारा उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति र सम्मान

**काठमाडौं, असार १८।** एनसेल प्राइभेट लिमिटेडले उत्कृष्ट विद्यार्थीरुलाई छात्रवृत्ति तथा सम्मान प्रदान गरेको छ ।

व्यावसायिक सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत इञ्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पसमा विभिन्न पाँच संकायमा अध्ययन गरिरहेका उत्कृष्ट विद्यार्थीहरुलाई एनसेल छात्रवृत्ति तथा उत्कृष्टता सम्मान प्रदान गरिएको हो ।

ललितपुरमा आयोजित एक विशेष कार्यक्रममा विद्यार्थीका अभिभावकहरु, इञ्जिनियरिङ्ग अध्ययन संस्थानका प्राध्यापकहरु र अन्य पाहुनाहरुको माझ सो छात्रवृत्ति र सम्मान प्रदान गरिएको हो।

एनसेलले २०७६ सालदेखि २०८० सालसम्म इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स्, कम्प्युटर, सिभिल र मेकानिकल इञ्जिनियरिङ्ग संकायमा अध्ययन गर्ने उत्कृष्ट विद्यार्थीहरुलाई रु. १ करोड ३० लाख रुपैयाँको छात्रवृत्ति तथा उत्कृष्टता पुरस्कार प्रदान गरेको हो । यसअघि एनसेलले २०७१ देखि २०७५ सम्म रु. ८० लाख रुपैयाँको छात्रवृत्ति तथा उत्कृष्टता सम्मान प्रदान गरेको थियो । प्राविधिक शिक्षालाई प्रोत्साहन गर्दै युवा प्रतिभाहरुको पहिचान र उनीहरुको शैक्षिक उत्कृष्टताको कदर गर्नु कार्यक्रमको उद्देश्य रहेको एनसेलले जनाएको छ ।



एक जिम्मेवार व्यावसायिक नागरिकका रुपमा, प्राविधिक शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउँदै दक्ष जनशक्तिको विकासका लागि योगदान पुऱ्याउन इञ्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसमा २०७१ मा यो छात्रवृत्ति तथा उत्कृष्टता पुरस्कार स्थापना गरिएको थियो ।

२०७१ देखि २०७५ सम्मको पाँच वर्ष अवधिमा ६० जना विद्यार्थीहरुले एनसेल छात्रवृत्ति पाएका छन् भने २० जना विद्यार्थीहरु एनसेल उत्कृष्टता सम्मानबाट सम्मानित भएका छन् ।

यो वर्ष एनसेल छात्रवृत्ति एनसेलका प्रमुख प्रविधि अधिकृत मुहम्मद अदील इस्रार, वित्तीय प्रमुख कनिश्क गयान विक्रमा, चिफ स्ट्राटिजी अफिसर इरविन एम. युसुफ र सुरक्षा तथा प्रशासन प्रमुख महेन्द्रकुमार भट्टचनले प्रदान गरेका थिए ।

त्यसैगरी एनसेल उत्कृष्टता सम्मान इञ्जिनियरिङ्ग अध्ययन संस्थानका डिन प्राध्यापक रामचन्द्र सापकोटा र एनसेलका प्रमुख कार्यकारी अधिकृत एण्डी चोङ्गले संयुक्तरुपमा प्रदान गरेका थिए ।

यस वर्ष १८ वटा शीर्षक अन्तर्गत इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स् तथा कम्युनिकेसन, कम्प्युटर, सिभिल र मेकानिकल संकायका १८ जना विद्यार्थीलाई एनसेल छात्रवृत्ति प्रदान गरिएको छ । साथै उत्कृष्ट नतिजा ल्याई यी पाँच संकायबाट स्नातक उतीर्ण गरेका ६ जना विद्यार्थीहरुलाई एनसेल उत्कृष्टता सम्मान प्रदान गरिएको छ ।

एनसेल छात्रवृत्ति उत्कृष्ट तथा मेहनती विधार्थीहरुका लागि ठूलो प्रोत्साहन भएको पुल्चोक क्याम्पसका प्रमुख प्रा. डा. लक्ष्मण पौडेलले बताए ।

कार्यक्रममा एनसेलका प्रमुख कार्यकारी अधिकृत चोङ्गले भने -एनसेल छात्रवृत्ति तथा उत्कृष्टता सम्मान कार्यक्रम मार्फत इञ्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पससँग फेरि दोश्रो चरणको सहकार्य गर्न पाएकोमा हामी हर्षित भएका छौं ।

एनसेल छात्रवृत्ति विभिन्न पाँच संकायमा स्नातक तहको प्रथम, द्वितीय र तृतीय वर्षको वार्षिक परीक्षामा प्राप्त गरेको उत्कृष्ट नतिजाको आधारमा क्रमशः द्वितीय, तृतीय र चौथो वर्षमा अध्ययनरत् विद्यार्थीले प्राप्त गर्दछन् भने पाँचवटै संकायका छात्रा मध्येबाट उत्कृष्ट नतिजा ल्याएका द्वितीय, तृतीय र चौथो वर्षमा अध्ययनरत् एक/एक जना गरी तीन छात्राले यो छात्रवृत्ति पाउँछन् ।

यसैगरी उत्कृष्टता सम्मान अन्तर्गत इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स्, कम्प्युटर, सिभिल र मेकानिकल इञ्जिनियरिङ्ग संकायमा सर्वोत्कृष्ट नतिजा सहित स्नातक तहको पढाइ सकेका प्रत्येक संकायका १/१ जना र यी पाँचै संकायका छात्राहरु माध्यबाट सर्वोत्कृष्ट ठहरिएकी एक छात्राले उत्कृष्टता सम्मान प्राप्त गर्दछन् । हरेक छात्रवृत्ति तथा उत्कृष्टता सम्मान पुरस्कारको राशि रु. एक लाख रहेको छ ।

संस्था (ख) मा शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था लगायतलाई सार्वजनिकस्थल भनिएको छ । त्यस्ता सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ सेवन गर्न बञ्चित छ । ऐनको प्रस्तावना मै भनिएको छ- धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र धूम्रपान तथा सूर्ति सेवनले मानव जीवनको आर्थिक सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पर्ने भएकाले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सूर्तिजन्य पदार्थको आयात, उत्पादन , बिक्री वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्वन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा १ बमोजिम संविधान सभाले यो ऐन बनाएपनि नगरप्रमुख शिवाकोटीले ऐनको बर्खिलाप गर्दै कार्यकक्षमै सूर्ति जन्य पदार्थ सेवन गर्नुले नगरवासी विद्यार्थीले कस्तो आचरणयुक्त शिक्षा पाउने हुन् खोजीको विषय बनेको छ। सार्वजनिक स्थलमा सर्वसाधारण जो कोहीले सूर्तिजन्य पदार्थ सेवन गरे सजाय हुने ऐनको परिच्छेद ५ मा व्यवस्था नै रहेको छ ।

यता यस विषयमा नगरप्रमुख शिवाकोटीसँग पूर्वाञ्चलकर्मीले टेलिफोनमा सम्पर्क गर्दा उनले सो विषयमा केही बताउन चाहेनन् । उनले भने- 'अहिले म बिर्तामोड- १० मा छु नेटवर्क क्लियर छैन अहिले राख्नुहोस् ।'

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले राज्यको संघीय ढाँचा अन्तरगत स्थानीय आवश्यकता, स्थानीय विषय क्षेत्र र शैक्षिक व्यवस्था अनुरुपको सन्दर्भ सुहाउँदो पाठ्यक्रम निर्माण गरी लागू गर्ने अधिकार स्थानीय तहलाई दिएको हुँदा विर्तामोड नगरपालिका क्षेत्रमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयले स्थानीय विषयका रुपमा स्थानीय पाठ्यक्रम तयार गरेको बताइएको छ। सो पाठ्यक्रमको लोकार्पण शिक्षा विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले गरेका थिए ।


# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


## होटलमा .....

त्यसपछि नगरकोट घुम्न गएर मंगलबार साँझ पुनः होटलमा आएर बसेका थिए ।

विदेशबाट आएको दिनदेखि नै म्याग्दी घर भएकी प्रेमिकासँग उक्त होटलमा बस्दै आएका गुरुङ बुधबार विहान मृत फेला परेको प्रहरीले जनाएको छ ।

बुधबार विहान गुरुङकी प्रेमिकाले होटलको रिसेप्सनमा आई उनको मृत्यु भएको जानकारी गराएको प्रहरीले जनाएको छ ।

## एसईई .....

कार्यालयका अनुसार २०७५ साल चैतमा सञ्चालित एसईई परीक्षामा कुनै दुई विषयमा सी वा सी भन्दा कम ग्रेड ल्याउने विद्यार्थीले ग्रेड वृद्धिका लागि पूरक परीक्षा दिन तालिका सार्वजनिक गरिएको हो । गत चैत महिनामा सञ्चालित एसईई परीक्षामा नियमित समूहबाट सामेल भएका विद्यार्थीले बढीमा दुई विषयसम्म सैद्धान्तिकतर्फ सी वा सीभन्दा कम ग्रेड ल्याउने वा दुई विषयमा अनुपस्थित भएका विद्यार्थीका लागि परीक्षाको तालिका सार्वजनिक गरिएको हो ।

## नगरप्रमुखले...

छ । बिर्तामोड- भद्रपुर सडक खण्ड समयमा निर्माण नभएको भन्दै स्थानीय सरकारको नाताले समयमा ठेकेदारलाई काम गराउन पहल गर्न अनुरोध गर्दै बिर्तामोडका स्थानीयवासी, उद्योगी, व्यापारी, पत्रकार सहितको टोली नगरपालिकास्थित नगरप्रमुखको कार्यकक्षमा पुग्दा उनी खैनी मोल्न व्यस्त थिए ।

सडक निर्माणको विषयमा स्थानीयवासी, उद्योगी, व्यापारीले नगरप्रमुख शिवाकोटीलाई झण्डै एक घण्टासम्म आफ्ना कुरा राखेका थिए । उनीहरुले नगरप्रमुखसँग सडकका कारण स्थानीयले भोग्नु परेको पीडा शब्दमा व्यक्त गरिरहँदा उनीभने खैनी मोल्न र खैनी खान मै व्यस्त रहे ।

नगरप्रमुख शिवाकोटीले एक घण्टाको समयमा दुई पटक खैनी मोले र खान भ्याए । नगरप्रमुख शिवाकोटीले कार्यकक्ष मै खैनी खाँदा उपप्रमुख पवित्रा महतरा प्रसाई समेत उत्तरतर्फसँगै रहेको कुर्सीमा बसिरहेकी थिइन् ।

नगरप्रमुख शिवाकोटीले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८ को बर्खिलाव गर्दै कार्यकक्ष मै सूर्ति खाँदा नगर उपप्रमुख प्रसाईसहित बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष राजु न्यौपाने, नेपाल औषधि व्यवसायी संघ मेचीका पूर्व उपाध्यक्ष चेतनाथ तिम्सिना (विनोद), छठ सेवा समिति बिर्तामोडका अध्यक्ष घनश्याम चौधरी, व्यवसायी रामेश्वर मण्डल लगायत उनको कार्यकक्षमा उपस्थित सबै मुकदर्शक मात्र बने ।

नगरका सबै विद्यालयमा अध्ययनरत बिद्यार्थीका लागि आचरण शिक्षा सिकाउने नगरप्रमुख शिवाकोटीले आफ्नै कार्यकक्षमा खैनी खाँदै गरेको श्रब्य दृष्य सामग्री पूर्वाञ्चलसँग सुरक्षित रहेको छ ।

ऐनको परिच्छेद- २ को दफा १ को (क) मा राज्य तथा सरकारी निकाय, संघ


## विदुर इङलिस बोर्डिङ हाइ स्कूल भद्रपुरमा
**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

यस श्री विदुर इङलिस बोर्डिङ हाइ स्कूल भद्रपुर- ८ झापाबाट शैक्षिक सत्र २०७५ सालको एस.ई.ई परीक्षामा सामेल २९ जना विद्यार्थी उत्कृष्ट नतिजाका साथ उर्त्तीण भएकाले हार्दिक बधाई ज्ञापन गर्दै उत्तरोत्तर प्रगति शुभकामना व्यक्त गर्दछौं ।

साथै शैक्षिक सत्र २०७६ सालका लागि यस विद्यालयमा व्यवस्थापन र कम्प्युटर विज्ञान बिषयका लागि कक्षा ११ मा भर्ना खुलेको सम्पूर्ण अभिभावक वर्गमा जानकारी गराइन्छ ।

*भर्ना फारम धमाधम वितरण भइरहेको छ*

**हाम्रा विशेषताहरु :**
- शान्त तथा स्वच्छ वातावरण ।
- प्रयोगात्मक कक्षाहरुको व्यवस्था ।
- यातायातको सुविधा ।
- अनुभवी र बिषयगत शिक्षकहरुबाट अध्यापन ।
- पुस्तकालय, चमेना गृह, पार्किङ्गको सुविधा र फराकिला कक्षा कोठाहरु ।
- अध्ययन र अध्यापनमा उच्च प्राथमिकता दिइने ।

**राजन भट्टराई : अध्यक्ष** **मनिदेवी भट्टराई : प्रिन्सिपल**
**सम्पर्क : ९८१५०१०५९९**



## कञ्चनजङ्गा अंग्रेजी माध्यमिक विद्यालय बिर्तामोडको कक्षा ११ को नयाँ भर्ना सम्बन्धी सूचना

**२०७५ सालको SEE परीक्षामा सफल हुने सम्पूर्ण विद्यार्थीहरुलाई बधाई ज्ञापन गर्दै बिगतदेखि नै आदरणीय अभिभावकज्यूहरु र विद्यार्थीहरुको पहिलो रोजाई बन्दै र यहाँहरुको विश्वासलाई सम्मान गर्दै आएको यस कञ्चनजङ्गा अंग्रेजी माविमा यस वर्ष पनि कक्षा ११ मा भर्ना खुला गरिएको व्यहोरा अनुरोध छ ।**

**विज्ञान तथा व्यवस्थापन (Science & Management) समूहका लागि यस क्षेत्रमा नै छुट्टै छाप छोड्न सफल यस विद्यालयले यी विषयहरु पढ्ने विद्यार्थीलाई चाहिने सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने सबै पक्षहरुको उचित व्यवस्था मिलाएको छ । शैक्षिक गुणस्तरलाई अरुमाथि उठाउन प्रेरणा प्रदान गर्ने अभिभावक र विद्यार्थीहरुको माग अनुसार यस वर्षदेखि नयाँ-नयाँ थप रुटहरुमा समेत स्कूल बस सेवा प्रदान गरिने भएकोले समयमा नै सम्पर्कका लागि हार्दिक अनुरोध छ ।**

**विज्ञान समूहका भर्ना आवेदन फारमहरु र नमूना प्रश्नहरु धमाधम वितरण भइरहेका छन् । प्रवेश परीक्षा अगावै फर्म भरी नमूना प्रश्न लैजानका लागि सूचित गरिन्छ । प्रत्येक दिन विहान ६ बजेदेखि अपरान्ह ६ बजेसम्म कार्यालय खुल्ला हुनेछ ।**

**विज्ञान समूहको प्रवेश परीक्षा Entrance Test यही २०७६ असार २१ गते शनिवार विहान १० बजेलाई राखिएको छ ।**

**थप सम्पर्कका लागि मो. : ९८५२६७३८७६/०२३-५४२२८७**

**गुरुभक्त न्यौपाने - प्रिन्सिपल**
**कञ्चनजङ्गा अंग्रेजी मावि**
**बिर्तामोड -४, कञ्चनजङ्गा टोल, झापा**



## चाहियो

**बिर्तामोड मुक्तिचोकदेखि शनिश्चरेरोड टाटा शो-रुमसम्म खाली जग्गा वा सटरसहतिको घर भाडामा चाहियो**

**सम्पर्क :-**
**९८५२६७७२१३**
**९८२४०५५५००**






## मोहनमाया माध्यमिक विद्यालय
**बिर्तामोड -२, चारपाने**

**कक्षा ११ को विज्ञान तथा व्यवस्थापन संकायमा**

**भर्ना खुल्यो - भर्ना खुल्यो**

विज्ञान संकायको प्रवेश परीक्षा २०७६।०३।२१ गते शनिवार विहान ८:०० बजेबाट हुनेछ

*हाम्रा विशेषताहरु :*
- दक्ष तथा अनुभवी शिक्षकबाट अध्यापन गराइने ।
- सुविधा सम्पन्न विज्ञान तथा कम्प्युटर प्रयोगशालाको ब्यवस्था भएको
- अनुशासित वातावरणमा पढाइ हुने ।
- स्मार्टबोर्ड र प्रोजेक्टरसहितको सुविधासम्पन्न कक्षा कोठामा अध्यापन गराइने ।
- आकर्षक छात्रवृतिको सुविधा ।
- विज्ञान तथा ब्यवस्थापन संकायको छुट्टाछुट्टै विज्ञान तथा औद्योगिक भ्रमण गराइने ।
- विशेष कक्षा समेत सञ्चालन गरिने ।
- साथै CTEVT द्वारा सम्बन्धन प्राप्त यस विद्यालयमा Diploma in Civil Engineering (३ बर्षे) प्राविधिक कोर्षको पढाइ भइरहेको ।

नोट :- Diploma in Civil Engineering को प्रवेश परीक्षा फारम चाँडै नै खुल्ला गरिने जानकारी गराइन्छ ।

*कक्षा ११ को फारम वितरण २०७६/०३/०२ देखि २०७६/०३/१९ गतेसम्म खुल्ला गरिएको छ ।*

थप जानकारीको लागि :- **मोहनमाया माध्यमिक विद्यालय**
फोन : ०२३-५४३६५२, ९८४२७१४३५५, ९८४२७०४७३४, ९८०३४७०१६०


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# फेरि पनि बिर्तामोड-चन्द्रगढी सडक

अठार महिनाभित्रमा निर्माण सम्पन्न गर्ने गरी शुरु भएको बिर्तामोड–चन्द्रगढी सडकखण्डको काममा केही प्रगति भएको छैन । सम्झौताको एक वर्ष बितिसक्यो तर सडक निर्माण सम्पन्न हुने लक्षण कतै देखिँदैन । सो सडकखण्डको चौध किलोमिटर मध्ये अढाई किलोमिटर चारलेनको र डेढ किलोमिटर दुई लेनको बनाउने सम्झौता अनुसार निर्माण कम्पनी आशिषा प्रेरा जेभीले अबको छ महिनाभित्र निर्माण सम्पन्न गर्नुपर्नेछ । त्यसको तीन महिना वर्षाको समय हो र बाँकी तीन महिनामा सडक हस्तान्तरण गर्नुपर्ने हुन्छ । तर, सडकको अवस्था निर्माण कार्य प्रारम्भ हुनुअघिको भन्दा पनि रुग्ण छ जसका कारण त्यसक्षेत्रको व्यापार–व्यवसाय मात्र होइन स्थानीयबासीको जीवन नै अस्तव्यस्त भएको छ ।

बिर्तामोडको मुक्तिचोकदेखि मेची आँखा अस्पतालसम्मको सडकखण्डका बासिन्दा र व्यवसायीले पटक–पटक सडक तीब्रगतिमा निर्माण होस् भन्ने माग राखे । प्रधानमन्त्रीसम्मलाई सडकमै रोकेर ज्ञापन दिए, स्थानीय सरकारमा त धेरैपटक अनुनय–विनय गरे, सडक विभागको ध्यानाकर्षण गराए तर अवस्था जस्ताको तस्तै भयो । केही नलागेर सडकमै विरोध जनाएको पनि धेरै भयो । यसक्रममा पछिल्लो पटक सडक पीडित व्यवसायी र स्थानीयबासी मंगलबार र सडक प्रदर्शनीको तयारीमा रहँदा नगर प्रमुखले छलफलमा बोलाएर आश्वासन दिएर विद्रोहलाई एकछिनलाई समन गरे ।

स्मार्ट सिटीको अवधारणा अनुसार निर्माण हुने भनिएको चारकिलो मिटर सडक क्षेत्रको दुबै किनारमा बनिनुपर्ने नाला वर्षदिनमा पनि सकिएन । ढलका रुपमा प्रयोग हुने ढलको दीर्घकालीन योजना केही छैन । ढलबाट बग्ने फोहोर नदीमा मिसाउँदा त्यसले पार्ने वातावरणीय असरको हेक्का न सडकलाई छ, न त स्थानीय सरकार अर्थात् नगरपालिकालाई । पानी प्रदुषित भई जलचर प्राणीलाई पार्ने असर, सो पानीबाट सिञ्चित हुने खेती र त्यसबाट उत्पादन हुने कृषि वस्तुमाथिको असरको मूल्यांकन गर्न न कोही वातावरण विज्ञलाई जिम्मा दिइएको छ न त सुझाव नै लिइएको छ ।

वातावरणीय असरका यी र यस्ता विषय दीर्घकालीन कुरा छन् । तत्काल देखिने र अनुभूत गरिने विषय भनेको सडकले प्रभाव पार्दै रहेको अव्यवस्था, असुविधा र सास्ती नै हो । अत्यन्त धेरै आवागमन हुने, जिल्लाको सदरमुकामसँग जोड्ने मेची अञ्चलकै मुख्य सडकखण्डको यो दुर्दशाले सम्बद्ध पक्ष, नियमनकारी निकाय, स्थानीय सरकार, सडक विभाग र संघीय सरकारलाई पोल्दैन भने यो स्थानीयबासीको दुर्भाग्य भन्नुपर्ला । यद्यपि स्थानीय सरकार प्रमुख ध्रुवकुमार शिवाकोटीले आक्रोशित र पीडित प्रतिनिधिहरुसँग निर्माणको काम तीव्रगतिमा गराउने आश्वासन दिएका छन् । तथापि यतिले जनताको अपेक्षा पूरा होला भन्ने ठाउँ छैन ।


अहिले असारे विकासका लागि भ्याइ–नभ्याइ छ समृद्ध सबैलाई । पालिका हुन् वा सडक विभाग, विकासे मन्त्रालय हुन् वा सरकार सबैको ध्यान असार मसान्तसम्म जोडिएको छ । यतिबेला सडक कालोपत्रे गर्नेदेखि विकास बजेटका मर्मत, सम्भार लगायतका काम गर्ने चटारो छ । वर्षाको मौसम भएकाले यो विकास 'अध्यारोको काम र खोलाको गीत' सरह नहोस् त्यतातर्फ सबैले चनाखो हुनैपर्छ ।

सामाजिक सञ्जाल



'जातीय भेदभाव' गर्ने यस्ता पुस्तकहरुलाई कसरी छनौट गर्छ निजी बिद्यालयहरुले पनि ! एक जिज्ञासा ! पुस्तक छपाईका क्रम मा यदि अञ्जान मै यो भुल हुन गएको भए, क्षमायाचना माग्दै, उक्त प्रकाशनले यथाशीघ्र सबै बिद्यार्थीहरुबाट यो पुस्तक फिर्ता लिई सच्चाएर पठाउनु पर्‍यो । साथै बजारमा रहेको स्टक पनि फिर्ता लानु पर्‍यो ।

**– गौरीशंकर गुप्ता टिङ्कु**



'पार्टी एकता टुंगिएन भनेर अब निराश हुनुपर्दैन' प्रधानमन्त्री ओलीले भन्नुभयो- 'असारभित्र सबै तहको एकता टुंगिन्छ र नयाँ आर्थिक बर्षदेखि सबैले नेता कार्यकर्ताले उत्साहपूर्वक काम गर्न थाल्नुहुनेछ ।'

**– चेतन अधिकारी**

भारण्डरुपी नेता र उनकै इतिहासले खप्न थालेको घात

# राज्यशक्तिको प्रमाद स्वीकार्नै बाध्यता र लोकतन्त्र !



**नकुल काजी**

बन्द-हड्तालहरुमा नकारात्मकता जाहेर हुने मात्रा बढ्दै गएको छ। गैरन्यानिक हत्याका घटना २०५८-०६२ ताका जस्तै नाक-नक्सा लिएर प्रारम्भ भएको छ। मानव अधिकार सरकारी तजबीजमा मुन्ट्याउने जस्तो अलोकतान्त्रिक अवधारणा प्रक्षेपण गरेर राज्यले कस्तो भविष्य आँकेको हो भन्ने विषय दुर्बोधगम्भय छ। सञ्चार क्षेत्रलाई अँचेत्ने तुजुक केका लागि भन्ने विषय त झन नाङ्गिसकेको छ।

अहिले देशको सिङ्गो राजनीतिक जीवनले अंगीकार गरिरहेको नयाँ तवर-तरिका वा विद्यमान शासकीय शैलीले एउटा तीखो प्रश्न के जन्माएको छ भने– कतै आजको संवैधानिक राज्यव्यवस्था स्थापनाको लक्ष्य भेद्ने क्रान्ति, विद्रोह र आन्दोलनहरुको नेतृत्व गर्नेहरु तथा तिनलाई भरपर्दो ऊर्जा दिने पृष्ठशक्ति बनेका अगुवाहरुले आफ्नो सो इतिहासमाथि विवेकहीन घात गरिहेका त छैनन् ? साँच्चै तिनै क्रान्ति, विद्रोह र आन्दोलनहरुद्वारा लक्षित शासकीय स्वरुपका रुपमा खडा भएको हो आजको लोकप्रिय लोकतान्त्रिक गणतन्त्र हुन सकेर पनि यसको अनुहार नै नेता-अगुवाहरुले हाँकिरहेका शासकीय परिपाटीले लोक अनपेक्षित तुल्याउँदै लगेको छ र यही अहिले लोकको अनुरागले अभिषिक्त राज्यव्यवस्थामा लोककै निराशा र आगामी त्रासदको भयावह संभावना बनेको छ। यी पंक्तिहरु लेखिइरहेको समयमा धान दिवस मनाइएका र तिनमा सरकारका प्रधानमंत्री-मंत्रीहरु, सत्तारुढ र सबै राजनीतिक थर-गोत्रका नेताहरु लगायतको नाटकीय मञ्चनका समाचारहरुसंगसंगै सालिन्ने विदेशबाट २५ अर्ब रुपैयाँको चामल यस कृषिप्रधान देशमा आयात हुने शर्मनाक तथ्यांकको समाचार पनि आइरहेको छ। यो सबभन्दा पछिल्लो अदूरदर्शिताको सामान्य उदाहरण होइन। देशका कर्मशील पाखुराहरु विदेश निर्यात गर्ने क्रम घटेको छैन र विदेशी जनशक्ति अतिक्रमण बढिरहेको थिएन भने संभवतः अबसम्म यस देशले नेपाली आवश्यकताको उपर्युक्त ५ अर्बलाई कतिले गुणा गर्दा हुने आँकडा पनि लाज पचाएर सुन्नुपर्ने दुर्भाग्य हुन्थ्यो कुन्नि ! हिजो राष्ट्रिय एवम् सामाजिक जीबनका सबै तप्का र तह उन्नत, समृद्ध र सुखी हुन्छ भनेर गरिएका परिवर्तनकारी क्रान्ति, विद्रोह र संघर्षपूर्ण आन्दोलनहरु लक्ष्यमा सफल भएपछि राजनीतिले नैतिक बाटो बिराएकै कारण शायद यस वर्तमानमा आइपुग्दासम्म अल्मलिएको अनुभूति बलिदानी नेपालीका दिल-दिमागमा डहन-बिझाउन थालिसकेको छ। र, अहिलेको स्थिति-परिस्थितिको निवारणार्थ अर्को संघर्षको खाँचो नेपाली दिल-दिलमा प्रक्षिप्त हुँदै छिप्पिंदै-झांङिदै र फैलिंदै गइरहेका अदम्य संकेतहरु देखिन थालेका छन्। यो राम्रो भविष्यको संकेत कदापी होइन।

पहिला-पहिलाका राजनीतिक परिवर्तनहरु, आम नागरिकका जीवन-दैनिकीको सरोकारका हकमा अर्थहीन र भावी पीँढीका निम्ति सन्दिग्ध बनेर गुज्रिएका थिए, अहिलेको अवस्थाले तिनको अनुशरण गर्न थालेको प्रतीत हुँदो छ। राज्यका नीति र बिधिबाट चलाइनुपर्ने लोकतान्त्रिक शासन पद्धतिको निर्देशनलाई संविधानको किताबभित्र निद्राको ओखति खुवाई अगम सिंहदरवारको वातानुकूल कोठाको सुन्दर-मुलायम गजेरामा सुताएर व्यवहार-जगतलाई हुकुम-फरमानबाट चलायमान राखिएको देखिंदो छ। आधारभूत वर्गका निर्धा-निमुखा नागरिक सामन्तयुगीन शासक र तिनका आठपहरिया, भाइ-भारदार रखवालाद्वारा सिँढीभिन्न रुपमा हुने-गरिने व्यवहार जस्तै ढप-ढाँचाको दलनमा पिसिइरहेका छन्। त्यो वर्गका हृदयविदारक बन्दै गएको जीवन-व्यवहारबाट उत्पन्न कहर देख्ने आँखामा स्वार्थको बाक्लो तुँवालो लागेको भान हुन्छ भने बुझ्ने विवेकको अवसान भइसकेको भान भइरहेको अवस्था छ अहिले।

यसबेला देश 'भारण्ड' चरा (दुई टाउका र एउटै पेट भएको पञ्चतन्त्र-कथामा वर्णित चरो)-रुपी नेतृत्वको हुकुमी सर्वोच्चताको छायाँरुपी दलनमा छ। चरम दलीय पक्षपातले देशमा 'राम्रा'-हरुलाई उपेक्षाको निर्मम कुचोले बढारेर तिनै तह सत्ताका 'हाम्रा'-हरुलाई गजधम्याउँने गरिंदैछ। विकासका 'अग्रगामी' (?) कार्यक्रमहरु हेर्न, प्रसिद्ध विश्लेषक कृष्ण खनालले भने झैं अघिल्ला एक-दुई वर्ष पुरानै, जो भेटिन्छ सो, पत्र-पत्रिकामा छापिएका सम्बन्धित समाचार पढे पुग्छ, नयाँमा त्यही कुरा तिथि-मिति बद्लिएका न हुन्छन्। चीनबाट रेल ल्याउने, भारतबाट पानी-जहाज ल्याउने, झापाको दमकमा विश्वकै अग्लो बुद्धमूर्ति र सम्पूर्ण नेपाल देखिने (?) भ्यू-टाओर निर्माण गर्ने र नेपाललाई समृद्ध बनाउने चम्किलो हावादारी छाराहरु ती समाचारका अग्रश्रृंगार छँदैछन् क्यारे! देशको राजधानीको काकाकुल कोलाहलले पञ्चायतकालदेखि नै निरन्तरता पाउँदै आएको छ– समाप्त प्रतिशतको हिसाब दिंदादिंदै पञ्चायत दिवंगत भयो, प्रजातन्त्रकाल र ज्ञानेन्द्रकाल पनि उसरी नै गुज्रिए। अहिले संघीय लोकतान्त्रिक गणतन्त्रकालमा विदेशी निर्माण ठेकेदार नै रहस्यमय तरिकाबाट भाग्यो, काम स्थगित छ तापनि बेला-बेला त्यसले प्रधानमंत्री-मंत्रीहरुका भाषणमा पुनर्जाग्रत हुन पाउँदैछ। राजधानी लगायत देशभरका सडक-बाटाहरु ठेकेदारहरुले पेश्की पगार्न खातिर 'बनाउने' निउँमा 'कोतरेर' बरबाद छन्। सुदूर पूर्वी झापाको विकासोन्मुख ठूलो शहर बिर्तामोडका बिरक्त बासिन्दाले त त्यहाँको 'जहिल्यै निर्माणाधीन' मुख्य सडककै बाह्रमासे हिलोमा बाउसे गरी यस वर्षको असार पन्ध्र (अन्तर्राष्ट्रिय धान दिवस पनि)-मा धान-रोपाइँसम्म गरेर 'आँखा खोलेर हेर' भन्ने जनादेशसम्म गरेका समाचार आएका छन्। यसै समय नेपालमा चिया खेतीमा ख्याती कमाउँदै आएको इलाम जिल्ला सूर्योदय नगरपालिका क्षेत्रका चिया किसानले हरियो पत्ती नबिकेको आक्रोश स्वरुप सडकमै हरियोपत्ती पोखेर सरकारको कृषि विकास-कृषि उद्योग नीतिलाई खिस्ट्याएको समाचार पनि आएका छन्। अर्थात्, ३६४ दिन किसानका समस्या र अप्ठ्याराहरुतर्फ ध्यान नदिने, एक दिन (असार १५) रमाइला-रमाइला खर्चालु-खर्चालु कार्यक्रमहरु गर्ने अनि विभागीय टिप्पणीका कागजी आँकडा सुनाएर विकास भइरहेको र 'समृद्धि' शीर्षकमा मनमोहक कविता त्यसैमाथि रच्ने कस्तो गजब जनताको जनवादले पाउलो फेर्दैछ नेपालमा !

हत्याको किटान मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट हत्यारा सावित भई सर्वस्वसहित जन्मकैद भोगिरहेको बालकृष्ण ढुंगेललाई 'असल चाल-चलन र भद्र चरित्र भएको व्यक्ति'-मा राज्यले नै अनुदान गरी मुक्त गर्‍यो। नन्दप्रसाद अधिकारी न्याय माग्दामाग्दै मरे-उनकी पत्नी गंगामाया छोराको हत्यारो फलानोलाई दण्ड दिइयोस् भन्दै केही वर्षदेखि संघर्षमा छँदैछिन्। निर्मला पन्तको, देश र विदेशसम्म बहुचर्चित बलात्कार र नृशंस हत्याको घटनाको 'सक्रिय छानबीन भइरहेको छ, दोषी पत्ता लगाएरै छाड्ने' तह-तहका र पटक-पटकका आधिकारिक प्रतिबद्धताहरु कागको काग-काग जस्तै अर्थ न वर्थको कौडे ढ्वाँसमा 'शून्यमा शून्यसरि' भएको छ। भ्रष्टाचार, कमिशन खोरी, सेटिङबाजी र राष्ट्रिय सम्पत्ति भएको जनताबाट संकलित कर-तिरोको भँडारे घोटालाहरुका अनगिन्ती साना-ठूला घटना आधिकारिक कुर्सी वरिपरि भइरहेका छन् र ती सबै चलचित्रका पर्दाका दृश्यहरु जस्तै पहिलोले दोस्रोबाट पटाक्षेप हुँदै गइरहेका छन्। तीमध्ये अधिक अधिकांश भारण्ड चरो स्वरुपको नेतृत्वका हनुमान चालिसे शिविर परिसरमा भइरहेका छन्– देश हाँक्ने मण्डलीमा समाविष्ठदेखि तलका कौडे-कन्दने, गाडे-च्याने, लाइन छोकडासम्मका संगठित माखे-साङ्लामा जकडिएका छन्– परस्पर अनुबन्धित रुपमा !

पञ्चायतकालमा पञ्च-नेताहरुले उनका व्यक्तिगत र उनको एकाधिकार शासनविरोधीलाई 'मुठ्ठीभर अराष्ट्रिय तत्वहरुको हाम्रा विरुद्ध के दम ?' भन्ने फर्माउँदा फर्माउँदै ३० वर्ष जमेको पञ्चायती व्यवस्था गर्ल्याम्म ढल्यो। त्यही सनातन दम्भको ढ्याङ्रो २३८ वर्षदेखि बजाएर जनाधिकार कुल्चिआएको राजतन्त्र उखेलियो। अहिले पनि जन-समर्थन बढाउँदै लगेका विद्रोहका आवाजलाई हियाउने-तर्साउने उही रुढ परम्पराको पुनरावृत्त भएको देखिन्छ। आफ्नो अनुहारमा मैलो-हिलो लागिरहेको कुनै आफ्नै पूर्व सहयात्री-सहकर्मीले देख्यो र सचेत गरायो भने अनुहारको हिलो पुछ्नुको सट्टा 'मेरो अनुहारको हिलो किन देखिस् त ?' भनेर पाखुरा सुर्के झैं गर्नु लोकतन्त्रको सारभूत सिद्धान्तमा पर्दै नपर्ने र स्तर खस्केको हरकत भइरहेको छ। अन्ततः बन्द-हड्तालहरुमा नकारात्मकता जाहेर हुने मात्रा बढ्दै गएको छ। गैरन्यानिक हत्याका घटना २०५८-०६२ ताका जस्तै नाक-नक्सा लिएर प्रारम्भ भएको छ। मानव अधिकार सरकारी तजबीजमा मुन्ट्याउने जस्तो अलोकतान्त्रिक अवधारणा प्रक्षेपण गरेर राज्यले कस्तो भविष्य आँकेको हो भन्ने विषय दुर्बोधगम्भय छ। सञ्चार क्षेत्रलाई अँचेत्ने तुजुक केका लागि भन्ने विषय त झन नाङ्गिसकेको छ।

वस्तुतः राजनीतिमा विचार नेता र अगुवाले दिने हो, अभ्यास नेताको आदेशबाट हुनुहुँदैन। उपलब्धिको रक्षा र जगेर्ना पनि संस्थाको निर्णय र त्यसले निर्धारण गरेको बिधिबाट हुनुपर्दछ। यहाँसम्म लोकतन्त्रको विश्व-मान्यता यही छ। तर, नेपालमा अहिले त्यस्तो छैन। मूल नायकले जे मनमा आउँछ त्यही बोल्ने र अनुगतहरुले 'मः मः' भन्ने चलन बसेको छ। यसो भनेको के भने– राज्यनीति नै मूल वा सर्वोच्च नेताको खल्तीको बस्तु जस्तो भएको छ र आम देशबासीले त्यसैलाई लोकतन्त्रको निर्विकल्प तरिका मान्नु परिराखेको छ- चाहे त्यो राज्यशक्तिको प्रमादबाट निसृत नै किन नहोस्।!

सरकारको स्तुति-गान बनाउन नसकिने विषय कति उदित छन् कति ! अब भारतीय चलचित्रकर्मीहरुमाथि सरकारले एक सय करोड रुपैयाँ खर्च गरेर एउटा कार्यक्रम आयोजना गर्दैछ। यो रकमले देशमा पाँचवटा भव्य-भव्य अस्पताल बन्न सक्थे, पाँच-सातवटा ठूला पूल निर्माण हुनसक्थे, पीडामा दिन गुजारिरहेका प्राकृतिक प्रकोप-पीडितहरुका लागि सयौं घर बन्न सक्थे। तर, सरकार आफूले यो खर्च गर्ने होइन भनेर त्यसरी पन्सिन खोजिरहेको छ– जसरी 'कोही मलाई खोज्दै आयो भने बुबा त हुनुहुन्न भन्नु है छोरा' भनेर डोकोभित्र लुकेको बाबुलाई खोज्दै आउनेलाई छोरोले 'बुबा त घरमा हुनुहुन्न, ऊ त्यो डोकोभित्र पनि लुक्नुभको छैन' भनेको दन्त्यकथा छ। काठमाडौं महानगरपालिकाले दिने ४४ करोड रुपैयाँ सरकारकै अनुदानबाट निकासिने रकम हो। त्यसो त सो महानगर स्वयम् नै स्थानीय सरकार हो, होइन र ? पर्यटन विकास बोर्डमा स्वामित्व कसको ? त्यसबाट गरिने खर्च सबै, दाहिने कान देब्रे हात घुच्चुकतिरबाट घुमाएर समाए जस्तो, सरकारकै होइन ? नेपाल-अहिले नौटंकी-समूह भेला गरेर पर्यटन विकास हुन्छ भन्ने विश्वास कोच्ने प्रयास गर्दैछ– यो यस देशको प्राथमिकतामा पर्ने विषय हो भने सरकार कुन सिद्धान्तको धरातल टेकेर उभिएका नेता-अगुवाहरुले चलाउँदैछन् र निर्वाचनताका जनतामा उनीहरुको संस्थागत प्रतिबद्धता के थियो ? अस्ति २०७५ मंसिर दोस्रो साता पशुपतिनाथ र स्वयम्भूकै रोहबरमा कोरियाली क्रिश्चियन माता तथा एसिया प्यासिफिक युनिफिकेशन चर्चकी प्रमुख हक जा हान मुनबाट आराध्य पशुपतिनाथ र स्वयम्भूकै रोहबरमा 'होली बाइन' (holy wine) घोषित क्रिश्चियन दारु उनै क्रिश्चियन माताका वरद बाहुली (?)-बाट टाउकामा अभिषेक गराएर 'धन्य' भएका बेला पनि बोली बिक्ने दर्जाका कमरेडहरुले 'अब देशमा पर्यटक आकर्षित हुने भए' भनेर बुरुक-बुरुक फुर्ति लडाएका थिए। त्यस्तो सौभाग्य भयो ? र, बस् आजलाई यत्ति नै। शेष फेरि–

# विद्यालय कर्मचारीको समस्या किन जस्ताको त्यस्तै ?

**विजय अधिकारी**



लामो समय राजनीतिक अस्थिरताले गाँजेको मुलुकको सत्ता सञ्चालनमा रहेको शक्तिसँग झण्डै दुई तिहाई हाराहारीको बहुमत छ। अर्थात् यतिखेर देशमा बलियो सरकार छ। यो सरकारले गरेको राजनीतिक गतिविधिको विश्लेषण गर्ने काम राजनीतिक विश्लेषककै जिम्मामा छाड्दै व्यवहारिक र आफ्नो पेशामा भोगेको अनुभवका आधारमा केही बिचार प्रवाह गर्ने उद्देश्यले यो छोटो लेख लेखेको हुँ। म सत्ता सञ्चालक दलको सल्लाहकार त होइन नै, तर सत्ता सञ्चालकहरुले अपनाएको विधि र कार्यबाट पीडित व्यक्ति हुँ। त्यसैले मैले यो लेख लेख्न आवश्यक ठानको हुँ।

प्रसँग हो देशमा रहेका सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीको। वितेका दशक मात्रै हेर्ने हो भने देशमा कैयौंपटक सरकार फेरिए। विद्यालय कर्मचारीको समस्या भने जस्ताको त्यस्तै रह्यो। सामुदायिक विद्यालयका कर्मचारीको समस्या ज्यूँका त्यूँ रहनुको पछिल्तिर के कारण होला ? राज्य सञ्चालकहरु किन यस विषयमा गम्भीर नभएका होलान् ? यस्ता यावत प्रश्नको उत्तर नपाउँदाको छटपटी बयान गरी साध्य छैन।

सरकारले नै श्रमिकको मासिक न्यूनतम् तलब १३ हजार चार सय ५० रुपैयाँ तोकेको छ। तर, सरकारकै निर्णयबाट समेत वञ्चित वर्ग हो विद्यालय कर्मचारी। आज के खाउँ ? भोलि के लाउँ ? परिवार कसरी पालौ ? भन्ने अवस्थामा रहेका विद्यालय कर्मचारीबाट के खालको कार्य सम्पादन हुने होला ? भन्ने तर्फ किन सरकार सोच्दैन।

कर्मचारी कै हितमा काम गर्ने भनेर गठन भएका विद्यालय कर्मचारीका संघ र संगठन, शिक्षक महासंघ आदिको ध्यान किन पुगिरहेको छैन ?

कर्मचारीकै संगठन, यूनियन, परिषद्, शिक्षक महासंघ आदिले भने आ-आफ्नै तर्क प्रस्तुत गरिरहेको र निरीह विद्यालय कर्मचारी र कार्यालय सहयोगी भने केही हुन्छ कि भन्ने आश गरेर बसेको दयनीय अवस्था छ।

विगत लामो समयदेखि विद्यालय कर्मचारीका विषयका धेरै कुरामा ध्यान दिइएन, यतिखेर पनि ध्यान दिने छाँट देखिएको छैन। सरकारले बजेट बनाउँदै गर्दा विद्यालय कर्मचारीका हकमा भिन्न तरिकाले सोच्नु आवश्यक छ। तलब प्रतिशतको आधारमा होइन निश्चित मापदण्डलाई आधार मानि वृद्धि गर्नुपर्छ।

मानौं मासिक ३० हजार रुपैंयाँ तलब खाने सरकारी ओहोदाको कर्मचारी र मासिक चार हजार तलब खाने विद्यालय सहयोगीबीचको तलब स्केललाई आधार मानेर प्रतिशतमा तलब निर्धारण गरियो भने विद्यालय कर्मचारी माथि फेरि अन्याय हुनेमा शँका छैन।

सरकार सञ्चालक दलका नेताहरु गरीब र धनी बीचको खाडल पुर्छु भनेर भाषण गर्छन्, यत्ति कुरामा हेक्का राखेनन् भने उनीहरुको कुरा हावादारी प्रमाणित हुनेछ। बजेट निर्माणको प्रक्रिया जारी रहेका सन्दर्भमा उप्काइएको प्रस्तुत सन्दर्भ एउटा उदाहरण मात्रै हो।

विद्यालय कर्मचारीका सवालमा थुप्रै समस्या छन्। यदि सरकारले चाह्यो भने अन्य कतिपय यस्ता समस्याहरुलाई सुधार गर्न कुनै गाह्रो काम छैन। विद्यालय कर्मचारीको संगठन, यूनीयन, परिषद् आदि लगायतले पनि एकजुट भई सहकार्य गरी अघि बढ्न आवश्यक छ। अनि मात्र समग्र विद्यालय कर्मचारीको हित हुनेछ।

सरकारको कोषबाट तलब खाने एउटा नेपाली नागरिक मासिक चार हजार रुपैयाँबाट गुजारा गरिरहेको छ भन्ने कुराभन्दा लज्जास्पद कुरा सायदै होला। सामुदायिक विद्यालयमा कार्यरत् कर्मचारी र कार्यालय सहयोगीको यो विवशता समाधानका बारेमा विधिसम्मत् निकास निकाल्ने जिम्मा सरकारकै हो। बेलैमा सोचोस् !

# 'प्लानरले प्लानमा बिश्वास गरे गुणस्तर सुधार हुने'

**गणेश अर्याल**

**इलाम, असार १८।** नियमनकारी निकाय, शिक्षक बिद्यार्थी र अभिभावकहरुको साझा प्रतिबद्धता आएमा मात्र सामुदायिक बिद्यालयको गुणस्तर उच्च राख्न सकिने इलामको रोङ गाउँपालिकाका शिक्षकहरुले बताएका छन् ।

एसईईको नजिता मूल्याङ्कन तथा प्रधानाध्यापकहरुको नियमित बैठकमा धारणा राख्ने प्रधानाध्यापक तथा शिक्षकहरुले यस्तो बिचार राखेका हुन् । गाउँपालिकाकी उपाध्यक्ष चन्द्रकला राईको उपस्थिति तथा शिक्षा साखा सम्हाल्दै आएका शशी माध्यमिक बिद्यालय रोङ-२ का शिक्षक ज्ञानबहादुर कार्कीको सञ्चालनमा भएको कार्यक्रममा कक्षा १० सञ्चालन भइरहेका बिद्यालयहरुको नतिजाको बारेमा समिक्षा भएको थियो ।

बैठकमा सबै बिद्यालयका प्रधानाध्यापकले सर्बपक्षीय जिम्मेवारीले गुणस्तर कायम राख्न मद्दत पुग्ने धारणा राखेका थिए । समर्पणको भएका शिक्षक, जागरिला बिद्यार्थी र सकरात्मक सोच भएका अभिभावकबाट मात्रै शिक्षाको गुणस्तर कायम राख्न सकिने सरस्वती माध्यमिक बिद्यालय रोङ-४ भालुझोडाका प्रधानाध्यापक प्रेम राईले बताए ।

'प्लानरले शिक्षा बिकासको योजना बनाउने, तर प्यानरकै छोरा-छोरी सहरको महँगो निजी बिद्यालयमा पढाउएका छन्' -भालुझोडाका प्रधानाध्यापक राईले भने- 'सर्वसाधारणका नानीहरु पढ्ने तर आफ्ना चाहिँ त्यसमा नपढाउने भएकाले शिक्षाको कार्यक्रम प्रभावकारी नभएको हो' ।

मोतीराम माध्यमिक बिद्यालय रोङ-६ का प्रधानाध्यापक हर्कलाल गिरीले त्रिकोणात्मक सम्बन्ध र अनुगमनले मात्रै गुणस्तर सुधार्ने बताए । रोङ-६ कै सरस्वती माध्यमिक बिद्यालयका प्रधानाध्यापक डुकराज पौडेलले तलब लिनेले मात्रै होइन, तलब दिने पक्षले पनि आफ्ना नानीहरु सरकारीमा पढाउनुपर्ने धारणा राखे ।

सो अवसरमा शशी माध्यमिक बिद्यालय, शान्तिपुर माध्यमिक बिद्यालय, बहुबन माध्यमिक बिद्यालय, उमा महेश्वर माध्यमिक बिद्यालय लगायतका माध्यमिक तथा अन्य आधारभूत बिद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरुको आतिथ्य रहेको थियो । बिद्यालयका शिक्षकहरुको गुनासो सुनिसकेपछि गाउँपालिकाकी उपाध्यक्ष राईले उठेका समस्या गाउँपालिका अध्यक्ष समक्ष राख्ने भनेर अर्को बिषय बस्तुबारेमा छलफल अगाडि बढाउन आग्रह गरिन् ।

रोङ गाउँपालिकामा धेरै जना जनप्रतिनिधिहरुले आफ्ना छोरा-छोरी तथा नाता नातिनीहरु सरकारी बिद्यालयमा पढाएका छैनन् । गाउँपालिका अध्यक्षदेखि उपाध्यक्ष लगायत प्रायः धेरै जनप्रतिनिधिको छोरा-छोरी सरकारीमा पढेका छैनन् । नियमन गर्ने र नीति नियम बनाउनेले नै सामुदायिक बिद्यालयको पठनपाठनको बिश्वास नगरेकाले शिक्षकको पनि मनोबल गिरेको कतिपय प्रधानाध्यापकले गुनासो गरे ।

गाउँपालिकाले गत बर्ष सरस्वती मावि भालुझोडालाई स्कूल बस किन्न बजेट छुट्याएको थियो भने चालू बर्ष शान्ति निकेतन् माध्यमिक बिद्याललको लागि बस खरिदमा सहयोग गरेको थियो । तर, बिद्यालयकै नजिकमा घर हुने रोङका जनप्रतिनिधिहरुले पनि आफ्ना नानीहरु टाढाको निजी बिद्यालय पठाइरहेका छन् ।

# दुर्घटना रोक्न डिभाइडर



**भद्रपुर, असार १८।** सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्य झापाको भद्रपुर नगरपालिका- ३ स्थित ज्ञानेचोकमा डिभाइडर राखिएको छ ।

मेची राजमार्ग अन्तर्गत चारआली केचना सडकखण्ड कालोपत्रे भएसँगै सो सडकमा सवारी दुर्घटना बढेको भन्दै भद्रपुर- ३ नम्बर वडा कार्यालयले ज्ञानेचोकमा २० वटा डिभाइडर राखेको जनाइएको छ । वडा कार्यालयका वडा अध्यक्ष कमला थुलुङको अध्यक्षता तथा भद्रपुर नगरपालिकाका नगर प्रमुख जीवनकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा एक संक्षिप्त कार्यक्रमका बीच डिभाइडर राखिएको हो ।

फलामे ड्रममा मोटो हालेर राखिएको डिभाइडरमा बिरुवा समेत रोपिएको छ । सो कार्यक्रममा नगरका उपप्रमुख चन्दामाया श्रेष्ठ, २ नम्बर वडा कार्यालयका वडा अध्यक्ष भीम सुब्बा, वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक यमकुमार श्रेष्ठ लगायत स्थानीय, संघ-संस्था, व्यापारीको उपस्थिति रहेको थियो ।

# गृहको नक्कली लेटरप्याड, प्रवक्ता सुवेदीको किर्ते हस्ताक्षर

**झापा, असार १८।** गृह मन्त्रालयको नक्कली लेटरप्याड बनाइ प्रवक्ता रामकृष्ण सुवेदीको हस्ताक्षर समेत किर्ते गरिएको फेला परेको छ ।

मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारको दक्षिण गेट नजिकबाट एक दम्पत्ती पक्राउ परेपछि यस्तो रहस्य खुलेको हो । सरकारी छाप र दस्तखत किर्ते गर्ने कार्यमा संलग्न काभ्रे धुलिखेल बस्ने बारा निजगढ घर भएकी ३३ वर्षीया लक्ष्मी अधिकारी र उनका श्रीमान् ३८ वर्षीय राजनकुमार थापालाई पक्राउ गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

उक्त स्थानमा सरकारी छाप र दस्तखत किर्ते गर्ने व्यक्ति रहेको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी वृत्त सिंहदरबारबाट खटिएको प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिई शरीर खानतलासी गर्दा सरकारी छाप र दस्तखत किर्ते गरेको कागजात फेला परेको हो । उनीहरुको साथबाट गृह मन्त्रालयको नक्कली लेटर प्याडमा मन्त्रालयका प्रवक्ता रामकृष्ण सुवेदीको नक्कली हस्ताक्षर गरिएको पाइएको छ ।

प्रहरीले अधिकारीको बुबाको मृत्यु नेपाल सरकारको कारण भएकाले क्षतिपूर्ति स्वरुप रु. ९५ करोड दिने निर्णय भएको र थप रु. ८ करोड ७६ लाख दिने उल्लेख गरिएको किर्ते कागज, १३ थान बैंकको चेक, विभिन्न व्यक्तिको राहदानी तथा नगद रु. ४२ हजार दुई सय १० समेत बरामद भएको छ । सो घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ट्याक्टर दुर्घटनामा एकको मृत्यु

**पाँचथर, असार १८।** पाँचथरको हिलिहाङ गाउँपालिका- १ आमवोटेमा ट्याक्टर दुर्घट्ना हुँदा एक जनाको ज्यान गएको छ ।

ज्यान गुमाउनेमा पाँचथरको याङवरक- ३ ओयाम निवासी ३१ वर्षीय सुरेन्द्र सेलिङ छन् । दुर्घट्नामा सन्दकपुर-३ इलामका २० वर्षीया लीला सुन्दास, पाँचथर याङवरक- ३ का कुमार लिम्बू र याङवरक- ३ ककै अजय सेलिङ घाइते भएका छन् ।

निर्माणाधीन पुष्पलाल मध्यपहाडी लोकमार्गको १ नम्बर प्याकेजमा काम गरिरहेको उक्त ट्याक्टर सामग्री र कामदार लिएर अमरपुरवाट सालिङ्गे जाने क्रममा अनियन्त्रित भई सडकभन्दा तल खसेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

घाइतेहरुलाई उपचारार्थ पाँचथर अस्पताल तर्फ ल्याउनका साथै घट्नाको प्रकृति मुचुल्का तयार गर्न प्रहरी खटाइएको पनि प्रहरीले जनाएको छ ।

# दमकको उत्तरी क्षेत्रमा हात्तीको समस्या

**दमक, असार १८।** दमकको उत्तरी क्षेत्रका बस्तीमा हात्तीको समस्या बढ्दै गएको छ ।

दमक वडा नं. ३ दुम्सेस्थित जंगल नजिकको बस्तीमा वर्षायामका समयमा जंगली हात्ती पसेपछि रातभर त्यहाँका बासिन्दाले त्रासमा रात कटाउनु परेको छ ।

हंसेदुम्से वनबाट हात्तीको समूह नै बस्तीमा प्रवेश गरेपछि त्यहाँको जनजीवन त्रासपूर्ण बन्दै गएको दमक-३ का वडाध्यक्ष नवीन बराललले जानकारी दिए ।

उनका अनुसार जंगलबाट निस्किएको हात्तीले त्यहाँका किसानको अन्नबालीसहित घरमा क्षति पुर्‍याउँदै आएको छ । हात्तीले खेतमा पाकेको मकै, धान खाइदिने गरेको उनले बताए ।

स्थानीय दलबहादुर राई र हेमसागर पोखरेलको खेतमा केही दिनअघि मकैबाली खाएर नोक्सानी पुर्‍याएको हो । हात्तीका कारण त्यस क्षेत्रका बासिन्दाले सधैँ त्रासमा रातभर जाग्राम बस्नुपर्ने भएको वडाध्यक्ष बराललले गुनासो गरे ।

बेलाबखत हात्ती बस्तीमा पसेपछि रातभर हात्तीको त्रासमा जाग्राम जस्तै बसाइँ हुने गरेको वडाध्यक्ष बराललले बताए ।जंगली हात्तीका कारण वर्षेनि सो क्षेत्रमा एक/दुई जनाको ज्यानै जानेसम्मका घटना भएका छन् भने अन्नबाली र घरमा दैनिकजसो क्षति पुर्‍याउने गरेको छ ।

# अझै भेटिएन हराएको हतियार

**भद्रपुर, असार १८।** झापा कारागार भद्रपुरबाट इटलियन पेस्तोलसहित १४ राउण्ड गोली भरिएको म्यागजिन हराएको महिनौं बितिसक्दा समेत हतियार फेला पर्न सकेको छैन ।

प्रहरी नायब निरीक्षक नरेश आचार्य बिदामा रहेका बेला कारागारबाट हतियार हराएको थियो । प्रहरी नायब निरीक्षक आचार्य घर बिदा गएका बेला कारागार सुरक्षाको जिम्मा प्रहरी सहायक निरीक्षक हिरण सिंहलाई दिइएको थियो ।

एक प्रहरीले प्रहरी जवान कुमार भोटेलाई हतियार बुझाएको रेकर्ड छ । तर, बिहान पेस्तोलसहित १४ राउण्ड गोली भरिएको म्यागजिन नभेटिएपछि कारागारको सुरक्षार्थ खटिएका प्रहरीबाटै हतियार हराएको घटना सार्वजनिक भएको हो । कारागार सुरक्षार्थ खटिएका सुरक्षाकर्मीबाटै हतियार हराएपछि जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक महेन्द्रकुमार श्रेष्ठको संयोजकत्वमा छानविन समिति बनेको छ । तर सो समितिले समेत अहिलेसम्म कुनै प्रतिवेदन सार्वजनिक गरेको छैन ।

# एनएमबीको बैंकको शाखा

**भद्रपुर, असार १८।** ग्रामीण क्षेत्रमा समेत बैकिङ्ग पहुँच पुर्‍याउने उद्देश्यले एनएमबी बैंक चन्द्रगढी शाखाले झापाको दक्षिणी गाउँपालिका कचनकवलमा शाखारहित बैंकिङ सेवा बिस्तार गरेको छ ।

बैंकले कचनकवल गाउँपालिका वार्ड नं. २ को सुकुनाडिकीमा इलोक्ट्रोनिक पट नामको मेसिन प्रदान गर्दै सेवा विस्तार गरेको हो । बैंकका चन्द्रगढी शाखा प्रमुख प्रमोद शर्माले सो स्थानका शाखारहित बैंकका सेवा इञ्चार्ज कर्णबहादुर धिमाललाई सो मेसिन प्रदान गर्दै सेवा विस्तार गर्नु भएको थियो ।

सेवा विस्तारको सो मेसिन प्रदान गर्दै प्रमख शर्माले ग्रामीण भेगका आफना बैंकका ग्राहकहरुलाई सहजरुपमा सेवा दिने उद्देश्यले सेवाको बिस्तार गरिएको बताए । उनले निकट भविष्यमा झापाका सबै स्थानहरुमा सो सेवा उपलब्ध गराउने लक्ष्य बैंकको रहेको समेत धाराण राख्नु भयो ।

यस्तो प्रकारको इलोक्ट्रोनिक डिभाईस मेसिनबाट आफ्नै क्षेत्रबाट सेवाग्राहीहरुले पैसा जम्मा गर्न, झिक्न, खाता सञ्चालन गर्न र मोबाइल सुविधा समेत सहजरुपमा लिन सक्ने शर्माको भनाइ रहेको छ । मेसिनबाट सहजरुपमा सेवाग्राहीहरुले सेवा लिन सक्ने बताउँदै बैंकका कर्मचारी पुकार निरौलाले बैंकिङ गतिविधि माथि प्रकाश पारेका थिए ।

बैंकका कर्मचारी मेघराज तिम्सिनाले सञ्चालन गरेको कार्यक्रममा नेपाली कांग्रेस झापा क्षेत्र नं. ३ क्षेत्रीय सचिव गीताप्रसाद भट्टराई, गाउँपालिका वार्ड नं. २ का अध्यक्ष मेघराज भट्टराई लगायतका सहभागीहरुले बोल्दै सेवा विस्तारका बारेमा जानकारी लिएका थिए ।


## राजगढमा चलिरहेछन् यी चलचित्रहरु

**नयाँ रिलिज चलचित्रहरु**

**पहिलो शो १२:०० बजे** Appa **(नयाँ रिलिज नेपाली)**
**दोस्रो शो ३:०० बजे** Kabir Singh **(नयाँ रिलिज हिन्दी)**
**तेस्रो शो दिउँसो ७:४५ बजे** Marri 2 **(नयाँ रिलिज हिन्दी)**





**एभरेस्ट डिजिटल सिनेमा हल,** राजगढ, झापा

**टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०**

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

**(हल ए) हिन्दी सिनेमा**
पहिलो शो ११:४५ **Marri-2 (हिन्दी)**
दोस्रो शो २:४५ **Kabir Singh (हिन्दी)**
नाइट शो ७:१५ **Marri-2 (हिन्दी)**

**(हल बी) अंग्रेजी सिनेमा** 1,2,4 3D **मा**
पहिलो शो ११:४५ **आपा (नेपाली)**
दोस्रो शो २:४५ **कृतिपुर (नेपाली)**
तेस्रो शो ७:१५ **आपा (नेपाली)**



२०७५।१२-१५ देखि अनलाइन बुकिङ्ग खुल्ला गरिएको ।
www.pathivaracineplaza.com
बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

पूर्वाञ्चल कै अत्याधुनिक डिजिटल प्रविधि भ्याकुमसिस्टमको ठूलो ट्यांकीबाट सस्तोमा दुर्गन्धरहित सेफ्टीट्यांकी सरसफाई गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।।



९८४२६५५७००, ९८१५९२८५०० (कुमार)
९८०७९३०७४० (राजेश हिरजङ्ग)

### आकर्षक स्थानको जग्गा बिक्रीमा

जामुन खाडी पर्यटकीय क्षेत्रको गेटसँगै व्यवसायिक जग्गा प्लटिङ गरी कित्ताकाट भइसकेको होटल तथा रेष्टुरेन्ट सञ्चालन गर्न अति उपयोगी १ बिगाह जग्गा तुरुन्त बिक्रीमा रहेको छ ।
सिधा सम्पर्क :
**गोबिन्द निरौला ९८०६०४१८७७**
**एलेन रिजाल ९८०४९४६७१४**
**होटल लक्जरी एण्ड लज**
नयाँ बसपार्क, बिर्तामोड झापा
सम्पर्क ०२३-५४५९०६, ९८२४९०२०५९

### छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फलेक्स प्रिन्ट, होर्डिङ्ग बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट, लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

### कर्मचारी आवश्यकता

**कुक : ६ जना वेटर : ७ जना**
**मार्केटिङ्ग मेनेजर : ३ जना**
**सेकुवा पोल्ने : २ जना** *(इलामको लागि)*
*अफिसको लागि बाइक र लाइसेन्स भएको हुनुपर्नेछ ।*
**साथै घरमा काम गर्ने ५ जना महिला आवश्यक परेको छ । खान/बस्नसहित ।**
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि,
फोनः ०२३-५४६६८३, ९८२५९८७९००

### पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।


### हिजोको सूनचाँदीको भाउ

छापावाला सुन : ६५,५००/-
तेजावी सुन : ६५,२००/-
असल चाँदी : ७५०/-


## निःशुल्क स्वास्थ्य शिविर हुने बारेको अत्यन्त जरुरी सूचना

यही असार २१ गते शनिबारका दिन चितवनका अनुभवी डा.निलकण्ठ उपाध्याय र फिजियोथेरापिस्ट डा. भगवान शाहद्वारा विभिन्न रोगहरुको निःशुल्क स्वास्थ्य जाँच गरिने भएकोले समयमै नाम टिपाइ स्वास्थ्य सेवा लिन हुन अनुरोध गरिन्छ ।
**उपचार हुने समस्याहरु :**
**पाइल्स, फिसर, फिस्टुला, ग्यास्ट्रीक, कब्जियत, दम, सुगर, प्रेस, खोकी, पिनास, माइग्रेन, अनिद्रा, टाउको दुख्ने, मृगौलाको पत्थरी जन्डिस, थाइराइड, प्रोस्टेट, कोलेस्ट्रोल, महिला तथा पुरुषका गुप्त रोगहरु, दाद, एलर्जी, पोतो, डन्डिफोर, कम्मर दुख्ने, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, प्यारालाइसिस, मुख बाङ्गिएको, शरीर झमझमाउने, डिस्क प्रोल्याप्स, कुम जाम भएको, हड्डी खिइएको आदि रोगहरुको १५ दिनमै सुधार गरिने ।**
*नोट :फिजियोथेरापी, क्षारसुत्र र प्याथोलोजिमा विशेष छुट दिइनेछ ।*
**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड-१ कोल्ड स्टोर छेउ फोन . न. ०२३-५४१४६६/९८०६०००३१३

## नेपालीहरूको लागि भरपर्दो सेवा मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

भारतको पानीटंकीस्थित नेपालीहरूको एक मात्र मोटरसाइकल पार्ट्सका सामान होलसेलमा शुपथ मूल्यमा पाउनुका साथै ग्यारेन्टीका साथ सर्भिसिङ पनि गरिन्छ ।



**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
**पानीटंकीको पहिलो गल्ली दायाँ साइड**
निशान्त - ८३७२०७८४५४/ ८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)



## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## कन्काई हस्पिटल प्रा. लि.

बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा'

**डा.सन्तोष कु. मिश्र** - वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन फिस्फार विशेषज्ञ तथा इन्डोस्कोपिष्ट दैनिक सेवा
**डा.रोशन अटल** - वरिष्ठ हाडजोर्नी नशा बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा
**डा.पुष्पेन्द्र लिम्बु** - वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल केयर विशेषज्ञ दैनिक सेवा
**डा.डि.के. आचार्य** - वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
**डा.सबिन मानन्धर** - नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा
**डा.मो.अक्तर अली** - वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ्ग विशेषज्ञ दैनिक सेवा
**डा. गौरव राज ढकाल** - MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
**डा. विकास जैशी** MBBS, MD, DM Hepatology (NAMS) - वरिष्ठ लिभर (कलेजो, पेट, स्याप्ट्रिक, अल्सर, जण्डिस, हेपटाइटिस रोग विशेषज्ञ (हिर अस्पताल काठमाण्डौबाट आउँदै हुनुहुन्छ ।) यसपटक २०७६/०३/२८ गते आइतबार आउँदैहुनुहुन्छ ।
**डा. मुक्ति आचार्य** - MBBS, MD (TU), वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ, यस पटक मिति २०७६/०३/०७ सनिबार आउँदै हुनुहुन्छ ।
**डा.रोसन आचार्य** - वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ प्रत्येक बिहिबार
**डा.सि.वि झा** - वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ प्रत्येक दिन ३:०० बजे पछी ।

नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

### २४सै घण्टा उपलब्ध सेवाहरु

- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रशुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८९८,५४००७८
९८११३३५६२४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** सहयोगीहरू जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । शत्रु परास्त हुने छन् भने प्रतिस्पर्धीहरू पछि हट्ने छन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** हातमा लक्ष्मीको वास हुनाले मनग्गे आम्दानी भित्र्याउने अवसर प्राप्त हुनेछ । बुद्धिको उपयोगले नाम, दाम र इनाम प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मेहनतले सम्मानित स्थान दिलाउनेछ । कला, गला र अभिव्यक्तिले धेरैको मन जित्ने समय छ । प्रशंसकहरू बढ्ने छन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सहयोगीहरूले साथ दिनेछन् रोकिएका काम सम्पादन हुने छन् । सानो प्रयत्नले जीवनशैलीमा परिवर्तन आउनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अवसर खोजी गर्नुपरे पनि आज प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउन सफल भइनेछ । बिछोडिएका आफन्तसँग रमाइलो भेटघाट हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** पहिलेको सफलताले थप काम गर्ने माहौल बन्नेछ । तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू समेत बढ्ने छन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** घर खर्च बढ्नुका साथै अर्थ अभावले सताउनेछ । काममा केही विलम्ब हुन सक्छ । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति पनि आउन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । अरूको विश्वास गर्दा धोका होला । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बसाइको स्थानान्तरण वा यात्रा सम्भावना छ । अवसरका लागि गरिएको प्रयत्न व्यर्थ हुन सक्छ, सजग रहनुहोला ।

## आधुनिक प्रविधिमा किसानको आकर्षण



**बिर्तामोड, असार १८।** झापाको कचनकवलमा ब्याड नै नराखी धान रोप्ने प्रविधिमा किसानहरुको आकर्षण बढ्न थालेको छ। धान रोप्नका लागि बीऊ राख्ने र रोप्ने रोपारको झन्झट गर्नु नपर्ने भएपछि किसानहरु बीऊ छर्ने हाते मेसिन (ड्रम सिडर ) तर्फ आकर्षित हुन थालेका हुन्।

परीक्षण पछि गत बर्षदेखि प्रयोगमा आउन थालेको ब्याड नै नराखी सिधै धान रोप्न मिल्ने ड्रम सिडर बीऊ छर्ने सस्तो र सजिलो प्रविधितर्फ आकर्षण बढेको कचनकवल- ६ बालुबाडिका कृषक कालीबहादुर लिम्बूले बताए।

यस बर्ष ड्रम सिडर प्रविधिबाट ३० विगाह चैते धान रोपिएको थियो, रोपेको धान मनग्ये फल्यो पनि। ब्याड र रोपारको खर्च बचत हुने भएपछि हिउँदे धान समेत ३० विगाह क्षेत्रमा लाउने कार्य शुरु गरिएको प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना धान सुपर जोनका प्रमुख धनबहादुर थापा मगरले बताए।

धान सुपर जोन क्षेत्रमा अहिले दुई हजार दुई सय हेक्टरमा धान खेती हुँदै आएको छ। चैते धान मात्र दुई सय हेक्टरबाट बढेर एक हजार हेक्टरमा खेती गर्न थालिएको छ। तर, धान राम्रो उत्पादन गर्दै आएका किसानले धानको मूल्य नपाउँदा भने निराश बनेका धान सुपरजोन सञ्चालक समितिका अध्यक्ष नवराज भट्टराईले बताए।

राज्यले कृषि आधुनिकीकरणमा गरेको लगानीले पछिल्लो समय झापामा धान उत्पादन बढेको छ। तर, बजार मूल्य उत्पादन लागतभन्दा कम भएपछि किसानहरु समस्यामा परेका छन्। कृषि क्षेत्रको विकास गर्ने हो भने राज्यले बजारीकरणको समेत जिम्मा लिनुपर्ने किसानको भनाइ छ।

## असार बित्न लाग्यो, मनसुन शुरु भएन



**झापा, असार १८।** नेपालमा मनसुन प्रवेशको घोषणा भएको १३ दिन बितिसक्दा पनि अझै मनसुन पूर्ण सक्रिय भएको छैन।

जल तथा मौसम पूर्वानुमान महाशाखाले यही असार ५ गते मनसुन भित्रिएको घोषणा गरेको थियो। मनसुन सक्रिय नहुँदा देशभर गर्मी बढेको छ। नेपालको पूर्वी क्षेत्र हुँदै भित्रिएको मनसुन अझै पूर्ण सक्रिय हुन् तीन/चार दिन लाग्ने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

न्यून चापीय रेखा मध्य भारतमै रहेकाले मनसुन कमजोर भएको महाशाखाका मौसमविद् राजु प्रधानाङ्गले बताए। उक्त प्रणाली बिस्तारै नेपालसम्म आई पुग्न तीन-चार दिन लाग्नेछ- मौसमविद् प्रधानाङ्गले भने। अहिले मनसुन कमजोर अवस्थामा रहेकाले हल्का र क्षणिक वर्षामात्र भएको बताइएको छ। तत्काल भारी वर्षाको सम्भावना नरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

काठमाडौं उपत्यकामा बिहान र साँझपख हल्का वर्षा हुने गरे पनि मध्याह्नमा चर्को घाम लाग्ने र दिउँसो बदली हुनेक्रम जारी छ। आंशिक बदली र घाम लाग्ने क्रमले गर्दा उपत्यकामा समेत बढी गर्मी महशुस गरिएको छ।

तीन दिनयता काठमाडौं उपत्यकाको अधिकतम् तापक्रम ३१ देखि ३२ दशमलव ५ डिग्री सेल्सियससम्म पुगेकोमा बुधबार ३१ दशमलव ८ डिग्री सेल्सियसमा झरेको छ। यसअघि जेठ ३१ गते यो वर्ष कै बढी तापक्रम ३३ दशमलव ५ डिग्री सेल्सियस पुगेको थियो।

बुधबार राति देशभर सामान्य बदली रही केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। मध्य र पश्चिमको एक-दुई स्थानमा भने भारी वर्षाको सम्भावना रहेको बताइएको छ।

त्यस्तै शुक्रबार देशभर सामान्य बदली रही देशको एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। नेपालमा सामान्यतया मनसुन प्रवेश गर्ने समय जुन १० हो। यस वर्ष १२ दिन ढिलो गरी मनसुन भित्रिए पनि अझै सक्रिय बन्न सकेको छैन।

नेपालमा साधारणतयाः जुन १० देखि सेप्टेम्बर २३ सम्म चार महिनाको अवधिलाई दक्षिण एशियाली मनसुनको अवधि भनिन्छ। उक्त समयमा नेपालमा वार्षिक वर्षाको करिब ८० प्रतिशत वर्षा हुने गर्छ।

## नेपालमा प्रतिबन्धित औषधि बरामद



**भद्रपुर, असार १८।** नेपालमा प्रतिबन्धित भारतीय ओरियन्स कम्पनीको औषधि भित्रिने क्रम नरोकिएको पाइएको छ।

झापाका स्थानीय युवा-युवतीलाई प्रयोग गरेर नेपाली बजारमा भित्र्याउने ओरियन्स कम्पनीको आयुर्वेदिक औषधि झापाका सीमावर्ती नाकाबाटै भित्रिने गरेको पाइएको हो। प्रहरी कार्यालय झापाबाट खटिएको सादा पोशाकका प्रहरी टोलीले मेचीनगर नगरपालिका- ६ फोहोर मैला भन्ने स्थानबाट अन्दाजी पाँच लाख मूल्य बराबरको ओरियन्स कम्पनीका औषधि बरामद गरेको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए।

प्रहरीका अनुसार भारतबाट अवैध रूपमा नेपाल भित्र्याइएका ओरियन्स कम्पनी लेखिएको विभिन्न किसिमका दुई कार्टुन औषधि बरामद भएको हो। बरामद गरिएका औषधिको बजार मूल्य अन्दाजी पाँच लाख रहेको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए। बरामद गरिएको औषधि आवश्यक कारबाहीको लागि औषधि व्यवस्था विभाग विराटनगर पठाउने उनले बताए।

पछिल्लो समयमा ओरियन्स कम्पनीका भारतीय एजेन्टहरूले नेपाली युवायुवतीलाई रोजगारीको प्रलोभनमा पारेर अवैध रूपमा औषधि भित्र्याउने गरेको प्रहरी स्रोतको दाबी छ। भारतीय एजेन्टहरूले झापाका विभिन्न स्थानमा आएर नेपाली एजेन्टमार्फत यस्तो अवैध कारोबार सञ्चालन गर्दै आइरहेका छन्। यस्तो अवैध कारोबार रोक्न प्रहरीले सीमाक्षेत्रमा ती कम्पनीका औषधि बरामद गरे पनि भित्रिने क्रम अझै रोकिएको छैन।

सीमाक्षेत्रबाट अवैध रूपमा नेपाल भित्रिने औषधि मात्र नभएर अन्य तस्करीका गतिविधि रोक्न प्रहरीले जिल्लाभर अभियानै शुरु गरिसकेको प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक (एसपी) दिनेशकुमार मैनालीले बताए। 'प्रहरी भारतीय औषधि भित्र्याउने गिरोहको खोजीमा लागि परेको छ' -एसपी मैनालीले भने- 'पक्राउ परेपछि त्यस्ता व्यक्तिलाई कानून बमोजिम कारबाही गर्न प्रहरी पछि हट्दैन।'



## अध्यारोमा बसेर मोबाइल चलाउँदा समस्या

आजभोलिका मानिसहरूका लागि मोबाइल पानी जत्तिकै जरूरी भइसकेको छ। मोबाइल बिना एकछिन पनि बस्न सक्दैनन् आजभोलिका युवापुस्ता। अधिकांश मानिसहरु मोबाइल त्यो पनि स्मार्टफोनको व्यापक प्रयोग गर्ने गर्दछन्।

त्यसमध्ये पनि कतिपय यस्ता मानिसहरु हुन्छन् जो सुत्नुभन्दा अघि अँध्यारोमा वा रातको समयमा स्मार्टफोनमार्फत काम गर्ने गर्छन्। जसबाट आँखा र मस्तिष्कमा नराम्रो असर पर्ने विज्ञहरु बताउँछन्। अनुसन्धानले अँध्यारोमा स्मार्टफोन चलाउनु खतराजनक हुने बताएका छन्।

**अँध्यारोमा स्मार्टफोन चलाउँदा हुने हानीहरुः**

**आँखाको ज्योतिमा कमी आउनु**

राति सुत्नुअघि मोबाइल चलाएमा आँखाको रेटिनामा गम्भीर असर पर्छ। अमेरिकी मस्कुलर डिजेनेरेशन फाउन्डेशनका अनुसार यसबाट आँखाको ज्योति कमजोर हुन जान्छ।

**निद्रामा कमी आउनु**

रातको समयमा सुत्नुअघि मोबाइल चलाएको खण्डमा शरीरमा मेलाटोनिन नामक हर्मोनमा कमी आउन थाल्छ। हार्भड युनिभर्सिटीले गरेको अनुसन्धानका अनुसार शरीरमा मेलाटोनिन हर्मोनको कमी आएमा राति अबेरसम्म निन्द्रा नलाग्ने समस्या आउँछ।

**तनाव बढ्ने**

युनिभर्सिटी अफ ओरसेष्टर बेलायतले गरेको अध्ययनले राति अबेरसम्म स्मार्टफोन चलाएमा शरीरमा मेलाटोनिन हर्मोनको कमी आउँदा तनाव बढ्ने देखाएको छ।

**मस्तिष्कमा असर पर्ने**

राति अबेरसम्म स्मार्टफोन चलाएमा ब्रेन ट्युमर अर्थात मस्तिष्कको क्यान्सर पनि हुन सक्छ। युनिभर्सिटी अफ बोर्डेक्स फ्रान्सले गरेको एक अध्ययनले यसबाट मस्तिष्कको स्मरणशक्तिमा पनि असर पार्ने देखाएको छ।

**थकान महशुस हुने**

राति अबेरसम्म मोबाइल चलाएमा शरीरले पूरा निद्रा पाउन सक्दैन। यसले दिनभर नै थकानको महशुस भइरहन्छ।

**ग्लूकोमा**

राति अबेरसम्म मोबाइलको प्रयोग गर्नाले मस्तिष्कसम्म सन्देश लैजाने अप्टिक नर्भ (स्नायु)मा असर पर्छ। यसबाट ग्लूकोमा नामक रोगको शिकार हुन सकिन्छ।

**आँखाको सिलियरी मांसपेशीमा असर पर्ने**

राति लामो समयसम्म मोबाइल चलाएमा त्यसले आँखाको सिलियरी मांसपेशीमा असर पर्दछ। जसले आँखाको फोकस गर्न सक्ने शक्ति कमजोर हुन्छ। र आँखालाई कुनै कुरामा फोकस गर्न समस्या आउँछ।

**आँखा रातो हुने**

राति लामो समयसम्म मोबाइल चलाएमा मोबाइलको प्रकाशले आँखामा असर गर्छ। जसबाट आँखा रातो हुने समस्या देखिन्छ।

**डार्क सर्कल**

राति अबेरसम्म मोबाइल चलाएमा यसबाट आँखा दबाव पर्न जान्छ। यसबाट डार्क सर्कलको समस्या देखिन सक्छ।

यस बाहेक पनि मोबाइलको अत्यधिक प्रयोगले हामीलाई धेरै नै हानी पुऱ्याइरहेको हुन्छ। फोनलाई पाइन्टको खल्तीमा सकेसम्म नराख्नुस् यसले तपाईंको प्रजनन् क्षमता घटाउँछ। मोबइललाई मुटु नजिक पनि नराख्नुस् यसले मुटुको धड्कनलाई प्रभाव पार्छ।

धातुका कोठाहरु जस्तो कि गाडी, एलिभेटर, हवाइजहाज, रेल आदिमा मोबाइलबाट निस्कने रेडियसनको परिमाण बढ्ने हुँदा यस्तो स्थानमा मोबाइल प्रयोग नगर्नुहोस्।

इयरफोन, हेडसेटको प्रयोग नगर्नुस् किनभने यसबाट निस्कने रेडियसनको प्रभाव कान नजिक मोबाइल फोन ल्याँउदा हुने रेडियसनको प्रभावभन्दा तीन गुणा बढी हुन्छ।

गर्भवती हुँदा मोबाइल फोनको प्रयोग नगर्नुहोस्। किनकि यसको असर विकसित हुँदै गरेको बच्चामा इलेक्ट्रोम्याग्नेटिक रेडियसनले नराम्रो असर गर्न सक्छ।

पन्ध्र वर्षभन्दा कम उमेर समूहका बालबालिकालाई मोबाइलफोन चलाउन नदिनुहोस् किनभने यसले उनीहरुको बिकसित मस्तिष्कमा रेडियसनले धेरै नराम्रो प्रभाव पर्छ।

बालबालिकाको मृत्युको दोस्रो कारण मस्तिष्कको क्यान्सर (ट्यूमर) भइसकेको छ र यसो हुनुको पछाडि मोबाइलको अव्यवस्थित प्रयोग हो।

मोबाइल फोनलाई भर्खर जन्मिएका बच्चादेखि टाढा राख्नुहोस्। बालबालिकाको तालु पातलो हुने हुँदा रेडियसन उनीहरुको मस्तिष्कबाट छिटो प्रशारण भई मस्तिस्क क्यान्सरको सम्भावना बढाउँछ।

**मोबाइल फोनको रेडिएसन खतरनाक**

मानिसको जीवनको अभिन्न अंग बनिसकेको मोबाइल फोनको रेडिएसनबारेमा तपाईंलाई कति थाहा छ त ? मोबाइलको प्रयोगमा अभ्यस्त हुनेहरुले रेडिएसनबारेमा पनि ज्ञान राख्नु जरुरी छ। यो रेडिएसन कैयौं किसिमको हुन्छ भने यसले नै मानिसलाई बिरामी पनि बनाउन सक्छ।

आधुनिक जीवनशैलीमा मोबाइल फोन सबैभन्दा बढी प्रयोग हुने वस्तु भइसकेको छ। हामी मोबाइलबिना थोरे समय पनि रहन सक्दैनौं। तर, तपाईंले कहिले यी मोबाइल फोनबाट निकाल्ने रेडिएसनबारे जान्नुभएको छ ? जसले केवल वातावरणमा रहने पशुपंक्षी मात्रै होइन मानिसको स्वास्थ्यमा पनि गम्भीर असर पुऱ्याउँछ।

**रेडिएसनबाट कसरी जोगिने ?**

साधरणतया हामीले प्रयोग गर्ने मोबाइल फोनमा एक विशेष प्रकारको तरङ्ग (इलेक्ट्रो म्याग्नेटिक रेडिएसन) निक्लिन्छ। जसलाई आम जनजीवनका लागि हानिकारक मानिन्छ। मोबाइल रेडिएसनबाट मानसिक असरसहित कैयौं घातक बिरामी हुने आशंका गरिन्छ। यदि तपाईं आफ्नो मोबाइल फोनको रेडिएसन थाहा पाउन चाहनुहुन्छ भने यसका लागि मोबाइलबाट ८३०७३ डायल गर्नु जरुरी हुन्छ।

यो नम्बर डायल गरेपछि मोबाइलको स्क्रीनमा रेडिएसन सम्बन्धी जानकारी देख्न सकिन्छ। यसमा दुई किसिमबाट रेडिएसनको स्तर देखाइन्छ। एक 'हेड' र अर्को 'बडी'। हेड अर्थात् फोनमा कुराकानी गर्ने क्रममा मोबाइल रेडिएसनको स्तर के हो र बडी अर्थात् फोनको प्रयोग गर्ने क्रममा या गोजीमा राखेका बेला रेडिएसनको स्तर कति हुन्छ भन्ने यसबाट थाहा पाउन सकिन्छ।

**कति हुनुपर्छ मोबाइलको रेडिएसन ?**

भारतको सञ्चार तथा सूचना प्रौद्योगिक मन्त्रालयको 'स्पेसिफिक एब्जर्प्सन रेट' (सार) का अनुसार कुनै पनि स्मार्टफोन, ट्याबलेट या अन्य स्मार्ट डिभाइसको रेडिएसन १.६ बाट प्रति किलोग्राम भन्दा माथि हुनुहुँदैन। शरीरबाट डिभाइसको १० मिलिमिटरको दूरीमा पनि यही नियम लागू हुन्छ। यदि फोनमा कुराकानी गरिरहँदा या गोजीमा राखेका बेला तपाईंको डिभाइसले रेडिएसनको यस सीमालाई पार गरेमा यो तपाईंको स्वास्थ्यका लागि खतरनाक हुन सक्छ।

**के हो मोबाइल रेडिएसन ?**

प्रविधि विशेषज्ञका अनुसार डिभाइसलाई रेडिएसनबाट पूर्णरुपमा मुक्त गर्न सकिँदैन। तर, केही समयका लागि यसबाट जोगिन भने सकिन्छ। विशेषज्ञका अनुसार फोनलाई चार्जमा राखेर कहिले पनि कुरा गर्नुहुँदैन। यसबेला मोबाइल रेडिएसन १० गुणासम्म बढ्न पुग्छ। सिग्नल कमजोर हुँदा या ब्याट्री डिस्चार्ज हुँदा पनि कल गर्नु हुँदैन। यस क्रममा पनि रेडिएसन स्तर बढेको हुन्छ।

चार्ज भएका बेला, बोल्न आवश्यक परेका बेला इयरफोन या हेडफोनको प्रयोग गर्नुहोस्। यसले शरीरमा रेडिएसनको असर कम पर्छ। मोबाइलको रेडिएसनको मानक अधिकतम १.६ बाट प्रतिकिलोग्राम भन्दा बढी हुनुहुँदैन। तर, नेपाली बजारमा कुनै अनुगमन बिना जस्ता पनि स्मार्टफोन भित्रिने क्रम जारी छ। रेडिएसनको स्तर मापन नगरी नै नेपालमा चीन र भारत तथा तेस्रो मुलुकबाट जुनसुकै मोबाइल फोन धमाधम आइरहेका छन्।

## नेपालद्वारा चीन पराजित



**झापा, असार १८।** एसीसी यू-१९ इस्टर्न रिजन क्रिकेटमा नेपालले चीनलाई पराजित गर्दै प्रतियोगितामा उत्कृष्ट शुरुवात गरेको छ।

मलेसियाको क्वालालम्पुरस्थित किनरा ओभल क्रिकेट मैदानमा बुधबारबाट भएको समूह चरणको आफ्नो पहिलो खेलमा नेपालले चीनलाई १० विकेटले पराजित गर्दै प्रतियोगितामा उत्कृष्ट शुरुवात गरेको हो।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको चीनले नेपाललाई ५४ रनको सामान्य लक्ष्य दिएको थियो। ५४ रनको विजयी लक्ष्य बोकेर मैदान उत्रेको नेपालले पाँच ओभरमा कुनै पनि विकेट नगुमाई पूरा गऱ्यो।

नेपालको लागि पवन सर्राफले सर्वाधिक ४६ रनको योगदान दिए। उनले २१ बलमा तीन छक्का र छ चौकाको मद्दतमा ४६ रन बनाएका हुन्। त्यस्तै रित गौतमले अविजित १० रन जोडे। जीतसँगै नेपाल एक खेल अगावै सेमीफाइनलमा प्रवेश गरेको छ। पराजित चीन भने प्रतियोगिताबाट बाहिरिएको छ। समूह चरणमा दुई खेल खेलेको चीन दुवै खेलमा पराजित भएपछि प्रतियोगिताबाट बाहिरिएको हो। पहिलो खेलमा चीन सिंगापुरसँग पराजित भएको थियो।

त्यसअघि पहिले ब्याटिङ गरेको चीन २३ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै ५३ रनमा समेटिएको थियो। चीनका लागि लियाङ चेन र गुओहाओले समान १३/१३ रन जोड्नु बाहेक अन्यले दोहोरो अङ्क बटुल्न सकेनन्।

बलिङतर्फ नेपालका सागर ढकाल एक्लैले ६ विकेट लिँदा तिलक भण्डारीले ३ तथा कमल सिंह ऐरीले १ विकेट झारे। नेपालले समूह चरणको अन्तिममा सिङ्गापुरसँग खेल्ने कार्यक्रम छ।

## मृगौला पीडितलाई निर्वाह भत्ता

**इलाम, असार १८।** इलामको देउमाई नगरपालिकाले मृगौला रोगीलाई निर्वाह भत्ता उपलब्ध गराउने भएको छ।

मृगौलाले काम नगर्ने भएर प्रत्यारोपण गराएका बिरामीलाई नगरपालिकाले निर्वाह भत्ता दिने भएको हो। नगरप्रमुख सूर्यप्रसाद पोखेलले सो भत्तास्वरुप मासिक रू. तीन हजार पाँच आगामी साउन महिनादेखि उपलब्ध गराउने जानकारी दिए।

यस सम्बन्धी निर्णय नगरसभाले गरेको नगरपालिकाका कार्यकारी अधिकृत प्रेमप्रसाद दाहालले बताए। मृगौला पीडितका परिवारले उपचार गराउन नै धेरै रकम खर्च गर्नुपर्ने र बिरामीको हेरचाहमा अधिकांश समय बिताउनु परेपछि आर्थिक भार बढ्ने भएकाले सहयोग गर्न लागिएको कार्यकारी अधिकृत दाहालले बताए।

नेपाल सरकारले पनि दीर्घरोगीलाई उपचार खर्च भनेर यसअघि नै रु. एक लाख सहयोग गर्ने निर्णय गरिसकेको छ।


**तपाईंहरूको आफ्नै पत्रिका**

मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

**पूर्वाञ्चल दैनिक**

**प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत विर्तामोडबाट विगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला।**

**केन्द्रीय कार्यालय बिर्तामोड-१, अतिथिसदन छेउ (समाचार शाखाः ०२३-५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३-५४००४४) व्यवस्थापकः ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे-अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकीः राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारीः सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुरः पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे (९८५२६५५२९१), घैलाडुब्बा-डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गाः तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३-४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), केरखा : उमानाथ भण्डारी (९८५२६७०६३१), दमकः डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारीः आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल ( ९८२५७५३४६१), गौरादहः विवेक घिमिरे (डण्डी) (९८५२६७६३०८), केरखाः उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङः दिलीप खत्री (९७४३००१४७७) उदयपुरः गणेश उप्रेती (९८४२८३७९१३),भद्रपुर-चन्द्रगढी-पृथ्वीनगरः पार्थ मण्डल ( ९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल ( ९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई (९८१४०२६२०२), इलाम/ भालुझोडा, कुटिडाँडा, कोल्बुङ : गणेश अर्याल (९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्यामः खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल - यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम : जौबारी, गोदक : रोम अधिकारी ( ९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम - ९८४२७४४७५६, इलाम नगरपालिकाः विष्णु भट्टाराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७-५२१४९०/९८६२६३७७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१-६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५-५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङः बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङः मानिक कुन्डु (+९१९८००३८००८६), राँके : दुर्गाप्रसाद चौलागाई ( ९८०८७०७००७), घुर्विसे पञ्चमीः युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगरः चन्दन राय (९८१२३२६९२८)**